# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

# (कोशी प्रदेश)

## वार्षिक प्रतिवेदन
(आ.व.२०७९/८०)




**नेपाल राष्ट्र बैंक**
**विराटनगर कार्यालय**
(२०८० मंसिर)

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को (दोस्रो संशोधन, २०७३ समेत) दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा आफूले गरेका तथ्याङ्कगत विश्लेषणको जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्नुपर्ने व्यवस्था उल्लेख भए अनुरुप यस बैंकले देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्कहरुको संकलन, अध्ययन एवम् विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदनहरु नियमित रुपमा सार्वजनिक गर्दै आएको छ। मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकका प्रादेशिक कार्यालय स्थापना गरिनुका साथै आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका जिल्लाहरुको संख्या ५८ बाट ७७ पुऱ्याइएको छ। कार्यक्षेत्र विस्तारसँगै आर्थिक गतिविधि अध्ययन एवम् प्रतिवेदन प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न अवलम्बन गरिएको मार्गदर्शनमा समसामयिक संशोधन गरी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" कार्यान्वयनमा ल्याइएको छ। उक्त मार्गदर्शन अनुसार कोशी प्रदेशको १४ वटा जिल्लाहरु (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुर) को समग्र आर्थिक तथा वित्तीय अवस्थाको अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ।

प्रतिवेदन तयारीका क्रममा कोशी प्रदेश अन्तर्गतका १४ वटै जिल्लाहरुमध्ये १२ जिल्लाबाट स्थलगत तथा बाँकी २ जिल्लाबाट गैरस्थलगत रुपमा तथ्याङ्क संकलन गरिएको छ भने आर्थिक गतिविधिको विश्लेषण गर्नका लागि द्वितीय तथ्याङ्कहरु प्रयोग गरी विभिन्न क्षेत्रहरुका चरहरुको प्रवृत्ति विश्लेषण गरिएको छ। विशेष गरी विभिन्न सरकारी कार्यालय, बैंक तथा वित्तीय सस्था, प्रदेशभित्र सञ्चालित औद्योगिक प्रतिष्ठान, विकास परियोजना र निजी क्षेत्रबाट तथ्याङ्क तथा सूचना संकलन गरी अर्थतन्त्रका प्रमुख क्षेत्रहरु कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकास सम्बन्धी क्षेत्रको विश्लेषण गरिएको छ। त्यसैगरी, यस प्रतिवेदनमा विषयवस्तुको सान्दर्भिकता प्रस्तुत गर्न विभिन्न फर्म तथा उद्योग प्रतिष्ठानबाट प्राथमिक तथ्याङ्क संकलन गरी Case study समेत समावेश गरिएको छ। प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा चालु वर्षको परिदृश्य समेत चित्रण गरिएको छ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्कहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, निर्देशनालय एवम् सम्बन्धित परियोजना/औद्योगिक प्रतिष्ठान र सरोकारवाला निकायहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै यस प्रतिवेदन सरकारी निकाय, अर्थशास्त्री, अनुसन्धानकर्ता, उद्योगपति, व्यवसायी, शिक्षक, लगायत सबै सरोकारवालाहरुलाई उपयोगी हुने विश्वास लिएको छु। प्रतिवेदन तयारीका क्रममा तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदन लेखनको कार्यमा संलग्न हुनु हुने यस कार्यालयका आर्थिक अनुसन्धान इकाईका उप-निर्देशकहरु श्री कर्ता श्रेष्ठ ,श्री मनोज गुरुङ्ग, श्री अच्युत कुमार थापा, सहायक निर्देशक श्री मणि भण्डारी, प्रधान सहायकहरु श्री अनिष गुरागाई, श्री उज्वल ढुंगाना, श्री अशोक रेग्मी, श्री प्रदिप घिमिरे, श्री सुरेश रेग्मी, श्री पुर्ण बहादुर कार्की लाई विशेष धन्यवाद ज्ञापन गर्दछु।

**इन्द्रा चम्लागाई मैनाली**
**नेपाल राष्ट्र बैंक, विराटनगर**

# कार्यकारी सारांश

## प्रदेशको समष्टिगत आर्थिक स्थिति

- आर्थिक वर्ष २०७९/८० मा नेपालको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा १५.७९ प्रतिशत हुने केन्द्रीय तथ्याङ्क कार्यालयको अनुमान रहेको छ । गत आर्थिक वर्षमा यस प्रदेशको हिस्सा १५.८३ प्रतिशत रहेको थियो ।
- आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको आर्थिक वृद्धि २ प्रतिशत रहने अनुमान रहेको छ । गत आर्थिक वर्षको आर्थिक वृद्धि ५.४७ प्रतिशत रहेको थियो ।
- आर्थिक वर्ष २०७९/८० मा मुलुकको कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा २१.५१ प्रतिशत रहने केन्द्रीय तथ्याङ्क कार्यालयको अनुमान छ भने उद्योग क्षेत्रको उत्पादनमा २०.१२ प्रतिशत र सेवा क्षेत्रमा १२.६३ प्रतिशत योगदान रहने अनुमान गरेको छ । अघिल्ला वर्ष कृषि, उद्योग र सेवा क्षेत्रमा कोशी प्रदेशको हिस्सा क्रमशः २१.५५ प्रतिशत, १९.९३ प्रतिशत र १२.५८ प्रतिशत रहेको थियो ।

## कृषि

- आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल १.३ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा मकै, गहुँ, कोदो र फापरले ढाकेको क्षेत्रफल बढेकाले समग्र कृषि बालीले ढाकेको क्षेत्रफल बढेको देखिन्छ ।
- कोशी प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफल मध्ये खाद्य तथा नगदे बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८७.९ प्रतिशत, तरकारी बालीको ५ प्रतिशत र अन्य बालीले ढाकेको क्षेत्रफल ७.१ प्रतिशत रहेको छ । कृषि उपजले ढाकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ, र कोदो बालीले ढाकेको क्षेत्रफलको हिस्सा ७२ प्रतिशत रहेको छ ।
- आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन १.८ प्रतिशतले बढेको छ । विशेष गरी खाद्य बाली अन्तर्गत धान ५.७ प्रतिशत, मकै २.९ प्रतिशत, गहुँ १.५ प्रतिशत, कोदो ११.२ तथा चिया १२.५ प्रतिशतले बढेकाले समग्र कृषि बालीको उत्पादन बढेको देखिन्छ ।
- अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा तरकारीको उत्पादन ०.२ प्रतिशत, फलफुलको ०.८ प्रतिशत, कफीको ६.१ प्रतिशत तथा महको ८७.६ प्रतिशतले बढेको छ भने मसलाको उत्पादन ०.४ प्रतिशतले घटेको छ ।
- आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३७.३ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ३६.७ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा कुल सिञ्चित क्षेत्रफल १.७ प्रतिशतले बढेको छ ।
- आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा दुध उत्पादन १४ प्रतिशत तथा मासु उत्पादन १४.५ प्रतिशतले घटेको छ भने अण्डा उत्पादन १.७ प्रतिशत तथा माछा उत्पादन ९.१ प्रतिशतले बढेको छ ।
- आर्थिक वर्ष २०७९/८० मा काठको उत्पादन १९.२ प्रतिशतले बढेको छ । निजि बनहरुको कटानका लागि दिइएको स्वीकृतिका कारण काठको उत्पादनमा वृद्धि भएको देखिन्छ ।
- २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा १२.२ प्रतिशतले वृद्धि भई रु.६१ अर्ब १९ करोड २६ लाख १० हजार पुगेको छ । २०८० असार मसान्तसम्म कुल प्रवाहित कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ११.० प्रतिशत रहेको छ ।

## उद्योग

- आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५१.१ प्रतिशत रहेको छ । अर्थिक वर्ष २०७८/७९ मा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ५२.६ प्रतिशत रहेको थियो ।
- उत्पादित वस्तु अनुसार समीक्षा वर्षमा इँटा उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९१.२ प्रतिशत रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ४.७ प्रतिशत रहेको छ ।
- कोशी प्रदेशका नमुना छनोटमा परेका उद्योगहरुको पछिल्लो पाँच वर्षको औसत क्षमता उपयोग ५४.७ प्रतिशत रहेको छ ।
- आर्थिक वर्ष २०७९/८० मा यस अध्ययनमा समेटिएका उद्योगहरुको उत्पादनमध्ये इँटाको उत्पादन सबैभन्दा बढी ३४२.५ प्रतिशतले बढेको छ भने भटमासको तेलको उत्पादन सबैभन्दा बढी ५१.९ प्रतिशतले घटेको छ ।
- यस अध्ययनमा समेटिएका ठुला ४२ उद्योगहरुमा आर्थिक वर्ष २०७८/७९ मा कुल १७,२७० जना श्रमिक कार्यरत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा १७.८ प्रतिशत नयाँ श्रमिकले रोजगारी पाएर २०,३४४ जना कार्यरत रहेका छन् ।
- आर्थिक वर्ष २०७८/७९ को तुलनामा २०७९/८० मा टायर तथा ट्युब उत्पादन गर्ने उद्योगहरुमा सबैभन्दा बढी ४९ प्रतिशतले रोजगारी कटौती भएको छ भने बनस्पती घिउ उत्पादन गर्ने उद्योगहरुमा सबैभन्दा बढी १४४ प्रतिशतले रोजगारीमा वृद्धि भएको छ ।
- आ.व.२०७८/७९ मा कोशी प्रदेशको कुल औद्योगिक रोजगारीमध्ये ९३.३ प्रतिशत स्वदेशी र ६.७ प्रतिशत विदेशी कामदारहरुले रोजगारी प्राप्त गरेका थिए भने समीक्षा वर्षमा कुल औद्योगिक रोजगारीमा स्वदेशी र विदेशी कामदारको सहभागिता क्रमशः ८३.२ प्रतिशत र १६.८ प्रतिशत रहेको छ ।
- २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा कुल औद्योगिक कर्जा ६.६४ प्रतिशतले बढेर रु.१ खर्ब २९ अर्ब कायम भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त कर्जा १६.५ प्रतिशतले घटेको थियो ।

## सेवा

- २०८० असार मसान्तमा यस प्रदेशमा वाणिज्य बैंकका ७६१, विकास बैंकका १९४, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका ८७२ गरी जम्मा १,८६३ शाखा पुगेका छन् ।
- २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन १५ प्रतिशतले वृद्धि भई रु.४ खर्ब २१ अर्ब र प्रवाह गरेको कर्जा २.५ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ५७ अर्ब पुगेको छ ।
- २०७९ असार मसान्तमा कोशी प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाको कर्जा निक्षेप अनुपात (CD Ratio) १४८.४ प्रतिशत रहेकोमा २०८० असार मसान्तमा यस्तो अनुपात १३२.३० प्रतिशत रहेको छ ।
- आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा होटलहरुको औसत अकुपेन्सी दर ३६.८ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको तुलनामा १.५ प्रतिशतले बढेको देखिएको छ । अघिल्लो आर्थिक वर्षमा उक्त होटलहरुको औसत अकुपेन्सी दर ३५.३ प्रतिशत रहेको थियो ।
- समीक्षा अवधिमा यस प्रदेशका होटलहरुमा आन्तरिक पर्यटकको संख्या ६२.९ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ४८.१ प्रतिशतले बढेको थियो ।

- आ.व. २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा समग्र जहाज उडान संख्या ४३.७ प्रतिशतले बढेको छ ।
- २०८० असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ८.२ प्रतिशत, बचत निक्षेपको अंश ३९.६२ प्रतिशत, मुद्दती निक्षेपको अंश ४६.३३ प्रतिशत र अन्य निक्षेपको अंश ५.८५ प्रतिशत रहेको छ ।
- २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा सहकारी संस्थाको कुल पुँजी २.१ प्रतिशतले बढेको छ । २०७९ असार मसान्तमा सहकारी संस्थाको पुँजी १२.७ प्रतिशतले वृद्धि भएको थियो ।
- २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तसम्म यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या ३.९ प्रतिशतले वृद्धि भई ८ लाख ०३ हजार ६ सय ९९ पुगेको छ ।
- २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा कोशी प्रदेशमा सरकारी/सामुदायिक विद्यालय, संस्थागत/निजी र प्राविधिक शिक्षालयको समग्रमा कुल संख्या ८ वटा बढेर ७,०८१ विद्यालय सञ्चालनमा रहेका छन् ।
- २०८० असार मसान्तसम्म कोशी प्रदेशमा सरकारी र निजी गरी कुल अस्पताल संख्या १६४ रहेका छन् । २०७९ असार मसान्तमा यस्ता अस्पतालको संख्या १५८ रहेको थियो ।

## पूर्वाधार

- आर्थिक वर्ष २०७९/८० मा १४५.१ मे.वा. उत्पादन क्षमता भएका ७ वटा विद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई राष्ट्रिय प्रसारण लाइनमा जोडिएसँगै यस प्रदेशको कुल विद्युत उत्पादन क्षमता ४४७.८ मे.वा. पुगेको छ ।
- मदन भण्डारी लोकमार्गको दोस्रो खण्ड (उदयपुर, सिन्धुली) अन्तर्गतको १३५ कि.मी. सडक निमार्ण कार्य तथा कोशी करीडोर अन्तर्गत तुम्लिङटार-वानेश्वर-वसन्तपुर-इनरुवा गरी ४ वटा सव स्टेशन निमार्ण कार्य अन्तिम चरणमा रहेको छ ।

## विषय सूची


**परिच्छेद १ : अध्ययन परिचय** १

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य १

१.३ अध्ययन विधि १

१.४ अध्ययनको सीमा २

१.५ अध्ययनको ढाँचा ३

**परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** ४

२.१ राष्ट्रिय स्थिति ४

२.२ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा ४

२.३ अन्तरप्रदेश तुलना ५

२.४ प्रादेशिक क्षमता, सम्भावना र चुनौती ७

२.५ प्रादेशिक जनसंख्याको स्थिति ९

**परिच्छेद ३ : कृषि क्षेत्र** ११

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ११

३.२ कृषि उत्पादन १४

३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन १८

३.४ सिँचाइ तथा मौसम १९

३.५ क्षेत्रगत कृषि कर्जा २१

३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना २३

**परिच्छेद ४: उद्योग क्षेत्र** २६

४.१ उद्योगको क्षमता उपयोग, उत्पादन र रोजगारी २६

४.२ क्षेत्रगत औद्योगिक कर्जा २९

४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना ३०

**परिच्छेद ५: सेवा क्षेत्र** ३२

५.१ पर्यटन ३२

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट ३५

५.३ वित्तीय सेवा ३६

५.४ यातायात तथा सञ्चार ४३

५.५ शिक्षा तथा स्वास्थ्य ४४

५.६ सेवा क्षेत्र कर्जा ४५

५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना ४६

**परिच्छेद ६: पूर्वाधार र रोजगार** ४९

६.१ पूर्वाधार क्षेत्र ४९
६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ५४
६.३ रोजगारी ५५
६.४ प्रधानमन्त्री रोजगार कार्यक्रमका चुनौतीहरुः ५७

**परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना ५९**

७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति ५९
७.२ कोशी प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति ६०
७.३ कोशी प्रदेशका स्थानीय तहको आ.व. २०८०/८१ को बजेट ६२

**परिच्छेद ८ : आर्थिक परिदृष्य ६३**

८.१ कृषि उत्पादन ६३
८.२ औद्योगिक उत्पादन ६३
८.३ सेवा क्षेत्र ६४
८.४ पूर्वाधार क्षेत्र ६४

# तालिकाहरुको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधार मूल्य) (प्रतिशत) | ४ |
| तालिका २.२ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रचलित मूल्य)(प्रतिशत) | ४ |
| तालिका २.३ | प्रादेशिक कुल गार्हस्थ्य उत्पादन स्थिति | ४ |
| तालिका २.४ | राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा (प्रतिशत) | ५ |
| तालिका २.५ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व २०७९/८०) | ६ |
| तालिका २.६ | प्रदेशगत आर्थिक वृद्धि | ६ |
| तालिका २.७ | कोशी प्रदेशको जिल्लागत जनसंख्या तथा वृद्धिदरको अवस्था | १० |
| तालिका ३.१ | कोशी प्रदेशमा खाद्य बालीहरुले ढाकेको क्षेत्रफलको अवस्था | १२ |
| तालिका ३.२ | कृषि बालीले ढाकेको जिल्लागत भू-क्षेत्र (आ.व. २०७९/८०) | १३ |
| तालकिा ३.३ | कोशी प्रदेशमा खाद्य बालीको उत्पादन अवस्था, कुल उत्पादनमा योगदान र उत्पादकत्व | १५ |
| तालिका ३.४ | कोशी प्रदेशमा कृषि बालीको जिल्लागत उत्पादन अवस्था (आ.व. २०७९/८०) | १७ |
| तालिका ३.५ | कोशी प्रदेशमा माछा र पशुजन्य उत्पादनको अवस्था | १८ |
| तालिका ३.६ | काठ उत्पादनको जिल्लागत अवस्था | १९ |
| तालिका ३.७ | कोशी प्रदेशमा सिँचाइको जिल्लागत अवस्था | २० |
| तालिका ३.८ | कृषि कर्जाको क्षेत्रगत अवस्था | २२ |
| तालिका ४.१ | औद्योगिक कर्जाको क्षेत्रगत अवस्था | ३० |
| तालिका ५.१ | कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था | ३३ |
| तालिका ५.२ | घरजग्गा रजिष्ट्रेशन, राजश्व र स्थायी नक्सा पासको जिल्लागत अवस्था (२०७९/८०) | ३६ |
| तालिका ५.३ | कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | ३६ |
| तालिका ५.४ | कोशी प्रदेशका जिल्लाहरुमा निक्षेप परिचालनको स्थिति | ३७ |
| तालिका ५.५ | क्षेत्रगत कर्जाको अंश (प्रतिशत) | ३७ |
| तालिका ५.६ | कोशी प्रदेशका जिल्लाहरुमा कर्जा प्रवाहको स्थिति | ३८ |
| तालिका ५.७ | कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना | ३९ |
| तालिका ५.८ | कुल कर्जाको तुलनामा हिस्सा (प्रतिशत) | ३९ |
| तालिका ५.९ | कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्णकर्जाको शीर्षकगत बक्यौता रकमको विवरण | ४० |
| तालिका ५.१० | नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको अवस्था | ४२ |
| तालिका ५.११ | परिवर्त्य विदेशी मुद्रा खरिद विवरण (रु.करोडमा) | ४३ |
| तालिका ५.१२ | सरकारी तथा निजी विद्यालयमा विद्यार्थी संख्याको अवस्था | ४५ |
| तालिका ५.१३ | कोशी प्रदेशमा अस्पताल संख्या, चिकित्सक संख्या र कुल शैया संख्या | ४५ |
| तालिका ५.१४ | सेवा क्षेत्र कर्जाको क्षेत्रगत अवस्था | ४६ |
| तालिका ६.१ | आ.व. २०७९/८० मा कोशी प्रदेशमा सम्पन्न जलविद्युत आयोजना | ४९ |
| तालिका ६.२ | कोशी प्रदेशमा बैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको जिल्लागत विवरण | ५५ |
| तालिका ६.२ | रोजगार कार्यक्रम कार्यान्वयनको जिल्लागत अवस्था | ५७ |
| तालिका ७.१ | कोशी प्रदेश सरकारको वित्त स्थिती | ५९ |
| तालिका ७.२ | कोशी प्रदेशका स्थानीय तहको वित्त स्थिति | ६० |

# चार्टहरुको सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट २.१ | प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा (प्रतिशत) | ५ |
| चार्ट ३.१ | पछिल्लो तीन वर्षमा प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्र | ११ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको पछिल्लो पाँच वर्षको उत्पादन वृद्धिदर | १४ |
| चार्ट ३.३ | कोशी प्रदेशमा तरकारी बालीले ढाकेको भू-क्षेत्र र उत्पादन वृद्धिदर तथा उत्पादकत्व | १६ |
| चार्ट ३.४ | कोशी प्रदेशमा सिँचाइका स्रोतको अवस्था | २१ |
| चार्ट ३.५ | जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था | २२ |
| चार्ट ४.१ | उद्योगको क्षमता उपयोगको अवस्था | २६ |
| चार्ट ४.२ | उद्योगको उत्पादन वृद्धिदर अवस्था | २७ |
| चार्ट ४.३ | औद्योगिक समूह अनुसार रोजगारीमा आएको परिवर्तन | २८ |
| चार्ट ४.४ | स्वदेशी र विदेशी कामदारको अवस्था | २९ |
| चार्ट ५.१ | घरजग्गा कारोवारको अवस्था | ३५ |
| चार्ट ५.२ | निक्षेप तथा कर्जा स्थिति | ३९ |
| चार्ट ५.३ | सहकारीको पुँजी, बचत र ऋण लगानीको वृद्धिदर | ४१ |
| चार्ट ५.४ | यातायातका साधनको संख्या | ४३ |
| चार्ट ५.५ | कुल वितरित टेलिफोनको जिल्लागत अवस्था (प्रतिशत) | ४४ |
| चार्ट ६.१ | जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता) | ४९ |
| चार्ट ६.२ | कोशी प्रदेशबाट बैदेशिक रोजगारीका लागि श्रम स्वकृतिको जिल्लागत विवरण | ५६ |
| चार्ट ७.१ | आ.व. २०७९/८० मा कोशी प्रदेशका स्थानीय तहको कुल प्राप्तीको संरचना | ६१ |
| चार्ट ७.२ | कोशी प्रदेशका स्थानीय तहको बजेट आकार (रु.अर्बमा) | ६२ |

# परिच्छेद १ : अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले देशको बैकिङ्ग तथा वित्तीय क्षेत्रको नियमनकारी निकाय, नेपाल सरकारको आर्थिक सल्लाहकार एवम् देशको वाह्य क्षेत्र व्यवस्थापन गर्ने भूमिकामा रहेर देशको मौद्रिक तथा विदेशी विनिमय नीति तर्जुमा तथा कार्यान्वयन मार्फत देशको समष्टिगत आर्थिक व्यवस्थापनमा सहयोग गर्दै आइरहेको छ । बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएका उदेश्यहरु हासिल गर्ने क्रममा देशको आर्थिक नीति निर्माण गर्न सहयोग पुग्ने गरी गर्ने प्रकाशनहरु मध्ये आर्थिक गतिविधि सम्बन्धी अध्ययन एवम् प्रतिवेदन तयार गर्ने र सोको प्रकाशन गर्दै आएको छ । यस्तो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन बार्षिक (साउन देखि असार मसान्त) र अर्ध-वार्षिक (साउन देखि पुस मसान्त) सम्म गरी एक आर्थिक वर्षमा २ पटक प्रकाशन गर्दै आएको छ । यसै सिलसिलामा नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयले कोशी प्रदेशको आर्थिक वर्ष २०७९/८० को वार्षिक तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरेको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

१. कोशी प्रदेशको प्रादेशिक संरचना अनुसारको आर्थिक गतिविधि अध्ययन/विश्लेषण गरी सोको प्रतिवेदन तयार गर्ने ।
२. कोशी प्रदेशको कृषि, उद्योग, सेवा, पुर्वाधार, पर्यटन, रोजगारी र सरकारी वित्त लगायतका क्षेत्रहरुको वस्तुस्थिति र यसमा भईरहेको परिवर्तनको अध्ययन तथा बिश्लेषण गर्ने ।
३. कोशी प्रदेशको कृषि, उद्योग, सेवा र पुर्वाधार क्षेत्रको आगामी वर्षको आर्थिक परिदृष्य पहिचान तथा बिश्लेषण गर्ने ।
४. कोशी प्रदेशको अर्थतन्त्रका प्रादेशिक सम्भावना तथा चुनौतीहरु पहिचान तथा विश्लेषण गर्ने ।

## १.३ अध्ययन विधि

यस प्रतिवेदनमा आर्थिक वर्ष २०७९/८० को साउन देखी असार मसान्तसम्ममा कोशी प्रदेशमा भएका प्रमुख आर्थिक गतिविधिहरुको विश्लेषण गरी यस प्रदेशको आर्थिक स्थिति विश्लेषण गरिएको छ। मुख्यगरी कृषि, उद्योग, सेवा, पुर्वाधार, पर्यटन, रोजगारी र सरकारी वित्त लगायतका क्षेत्रहरुको स्थिति र सोमा भएको परिवर्तन लगायत राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको हिस्सा एवं अन्य आर्थिक स्थितिको विवरण यस प्रतिवेदनमा उल्लेख गरिएको छ ।

कोशी प्रदेश अन्तर्गतका १४ जिल्लामध्ये १२ जिल्लाको स्थलगत भ्रमण तथा २ वटा जिल्लाको विद्युतीय माध्यमबाट तोकिएको ढाँचामा तथ्याङ्क प्राप्त गरी सम्बन्धित निकायका सूचना अधिकारी/कार्यालय प्रमुखसँग असंरचित प्रश्नावलीको माध्यमबाट वर्षभरि सम्बन्धित क्षेत्रमा भएको परिवर्तन, पहिचान भएका नयाँ सम्भावना तथा चुनौतीहरु जस्ता विषयको सूचना संकलन गरी यो आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । कृषि सम्बन्धी तथ्याङ्क कोशी प्रदेश सरकारको कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु

सेवा विज्ञ केन्द्र, डिभिजन सिँचाइ कार्यालयबाट संकलन गरिएको छ भने औद्योगिक उत्पादनसँग सम्बन्धित तथ्याङ्क नमूना छनोटमा परेका उद्योगमा स्थलगत भ्रमण गरी संकलन गरिएको छ । त्यसैगरी, बैंकिङ्ग सम्बन्धी तथ्याङ्क यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्राप्त गरिएको छ । पर्यटनसँग सम्बन्धित तथ्याङ्क नमुना छनोटमा परेका होटलहरुबाट, घरजग्गा नक्सापास सम्बन्धी तथ्याङ्क नगरपालिकाबाट तथा घरजग्गाको कारोवार सम्बन्धी तथ्याङ्क मालपोत कार्यालयहरुबाट संकलन गरिएको छ । पूर्वाधारसँग सम्बन्धित तथ्याङ्क पूर्वाधार विकास कार्यालयहरु तथा सम्बन्धित आयोजनाहरुबाट संकलन गरिएको छ । उल्लिखित सरकारी कार्यालय, स्थानीय तह र अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ भने संक्षिप्त अध्ययनका लागि सम्बन्धित फर्म/कम्पनीबाट असंरचित प्रश्नावलीको प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेवसाइट तथा टेलिफोन लगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ । प्रतिवेदनमा व्याख्यात्मक विधि (Descriptive Method) को प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ । विशेष गरी वर्षभरि भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ ।

## १.४ अध्ययनको सीमा

यो अध्ययन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" ले तोकेको तथ्याङ्क प्रदायक निकायहरुबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ । नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आए पश्चात् तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकोले ती निकायहरूसँग सम्बन्धित तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । बुँदागत रुपमा यस अध्ययनका सीमाहरु देहायबमोजिम रहेका छन् ।

- वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने प्रयोजनाको लागि कोशी प्रदेश अन्तर्गतका १२ जिल्लाको मात्र स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गरिएको ।
- आर्थिक गतिविधि अध्ययन प्रतिवेदनले जिल्लागत रुपमा मात्र तथ्याङ्क संकलन गरेको । कोशी प्रदेश केहि स्थानीय तह (नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) बाट घरनक्सा पास तथा वित्तस्थिति बाहेक स्थानीय तहको अन्य तथ्याङ्कको हकमा संकलन गर्न नसकिएको ।
- आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ (संशोधन समेत) मा तोकिएका उद्योग तथा प्रतिष्ठानहरुबाट मात्र तथ्याङ्क संकलन गरिएको अर्थात यस प्रदेशमा थप भएका महत्वपूर्ण उद्योगको उत्पादनको परिमाण तथा क्षमता उपयोगको तथ्याङ्क प्राप्त गरी विश्लेषण गर्न नसकिएको ।
- नमुना छनोटमा समावेश गरिएका होटल, सहकारी र विमानस्थलहरुबाट मात्र तथ्याङ्क संकलन गरिएको ।

## १.५ अध्ययनको ढाँचा

यो अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६” मा आधारित भएर तयार पारिएको छ। यो प्रतिवेदनको समग्र ढाँचा उक्त मार्गदर्शनले तोके बमोजिम रहेको छ। यस प्रतिवेदनमा ८ परिच्छेदहरु रहेका छन्।

**परिच्छेद १ : अध्ययनको परिचय**
**परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति**
**परिच्छेद ३ : कृषि क्षेत्र**
**परिच्छेद ४ : उद्योग क्षेत्र**
**परिच्छेद ५ : सेवा क्षेत्र**
**परिच्छेद ६ : पूर्वाधार र रोजगारी**
**परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना**
**परिच्छेद ८ : आर्थिक परिदृश्य**

# परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

## २.१ राष्ट्रिय स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा आर्थिक वृद्धि उत्पादकको मूल्यमा १.८६ प्रतिशत रहने अनुमान छ।

कृषि क्षेत्रको वृद्धि २.७३ प्रतिशत, उद्योग क्षेत्रको ०.५९ प्रतिशत र सेवा क्षेत्रको वृद्धि २.३३ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २४.१२ प्रतिशत, १३.४५ प्रतिशत र ६२.४३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ६.४१ प्रतिशत रहेको छ। कुल स्थिर पुँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २५.२१ प्रतिशत र ३१.६६ प्रतिशत रहेको छ।

**तालिका २.१ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (स्थिर मूल्य) (प्रतिशत)**

| क्षेत्र | २०७९[स] | २०८०[प्रा] |
|---|---|---|
| कृषि | २.२४ | २.७३ |
| उद्योग | १०.८० | ०.५९ |
| सेवा | ५.३२ | २.३३ |
| **आर्थिक वृद्धि** | **५.६१** | **१.८६** |

**तालिका २.२ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान(प्रचलित मूल्य)(प्रतिशत)**

| क्षेत्र | २०७९[स] | २०८०[प्रा] |
|---|---|---|
| कृषि | २४.६७ | २४.१२ |
| उद्योग | १४.०९ | १३.४५ |
| सेवा | ६१.२४ | ६२.४३ |

स: संशोधित अनुमान; प्रा : प्रारम्भिक अनुमान,

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय

## २.२ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

### प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको स्थिति

केन्द्रीय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.७ खर्ब ४१ अर्ब ५० करोड हुने अनुमान गरेको छ। समीक्षा वर्षमा कोशी प्रदेशको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३३.६ प्रतिशत, १६.५ प्रतिशत र ५० प्रतिशत रहने अनुमान छ। अघिल्ला वर्षको सोही अवधिमा कृषि, उद्योग र सेवा क्षेत्रहरुको योगदान क्रमशः ३४.३ प्रतिशत, १७.० प्रतिशत र ४८.६ प्रतिशत रहेको थियो।

**तालिका २.३ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन स्थिति**

| विवरण | २०७८ | २०७९[स.] | २०८०[प्रा.] |
|---|---|---|---|
| **आर्थिक वृद्धि** | **-१.२०** | **५.४७** | **२.००** |
| **कुल गार्हस्थ्य उत्पादन** *(प्रचलित मूल्य रु.अर्बमा)* | **५९२.२** | **६६७.०** | **७४१.५** |
| *कृषि (प्रतिशत)* | *३५.६* | *३४.३* | *३३.६* |
| *उद्योग (प्रतिशत)* | *१६.६* | *१७.०* | *१६.५* |
| *सेवा (प्रतिशत)* | *४७.८* | *४८.६* | *५०.०* |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, प्रा: प्रारम्भिक अनुमान, सं. संशोधित अनुमान

विभागका अनुसार औद्योगिक वर्गीकरणका आधारमा प्रादेशिक अर्थतन्त्रमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी ३३.१ प्रतिशत रहेको छ। त्यसैगरी, थोक तथा खुद्रा व्यापार क्षेत्रको हिस्सा १०.१ प्रतिशत, शिक्षा क्षेत्रको हिस्सा ८.१ प्रतिशत, उद्योग क्षेत्र (Manufacturing) को हिस्सा ७.४ प्रतिशत, सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रको हिस्सा ७.७ प्रतिशत रहने अनुमान छ।

**चार्ट २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा (प्रतिशत)**




स्रोत : केन्द्रीय तथ्याङ्क कार्यालय

### राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

आर्थिक वर्ष २०७९/८० मा मुलुकको कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा २१.५१ प्रतिशत रहने अनुमान छ भने उद्योग क्षेत्रको उत्पादनमा २०.१२ प्रतिशत र सेवा क्षेत्रमा १२.६३ प्रतिशत योगदान रहने अनुमान गरेको छ । अघिल्ला वर्ष कृषि, उद्योग र सेवा क्षेत्रमा कोशी प्रदेशको हिस्सा क्रमशः २१.५५ प्रतिशत, १९.९३ प्रतिशत र १२.५८ प्रतिशत रहेको थियो ।

**तालिका २.४ : राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा (प्रतिशत)**

| विवरण | २०७८ | २०७९R | २०८०P |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको हिस्सा** | **१५.९४** | **१५.८३** | **१५.७९** |
| कृषि क्षेत्र | २१.५५ | २१.५५ | २१.५१ |
| उद्योग क्षेत्र | १९.९५ | १९.९३ | २०.१२ |
| सेवा क्षेत्र | १२.६१ | १२.५८ | १२.६३ |

R: प्रारम्भिक अनुमान, P: संशोधित अनुमान

स्रोतः केन्द्रीय तथ्याङ्क कार्यालय

## २.३ अन्तरप्रदेश तुलना

### कृषि, उद्योग तथा सेवाको स्थिति

केन्द्रीय तथ्याङ्क कार्यालयको आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३६.८६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.११ प्रतिशत हुने अनुमान गरेको छ । विभागले आर्थिक वर्ष २०७९/८० मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेश को हिस्सा १५.७९ प्रतिशत रहने अनुमान गरेको छ । मुलुकको कृषि क्षेत्रको समग्र उत्पादनमा कोशी प्रदेश को योगदान सबैभन्दा बढी २१.५१ प्रतिशत र कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ५.१७ प्रतिशत रहने विभागको अनुमान रहेको छ। त्यसैगरी, मुलुकको समग्र औद्योगिक उत्पादन तथा सेवा क्षेत्रमा कोशी प्रदेश दोस्रो स्थानमा रहेको छ। औद्योगिक क्षेत्रको उत्पादनमा यस क्षेत्रको योगदान २०.१२ प्रतिशत रहने अनुमान छ भने बागमती प्रदेशको योगदान सबैभन्दा बढी ३०.५७ प्रतिशत र कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ३.२१ प्रतिशत रहने अनुमान छ ।

यसैगरी, मुलुकको कुल सेवा क्षेत्रमा कोशी प्रदेशको योगदान १२.६३ प्रतिशत रहने अनुमान छ भने बागमती प्रदेशको सबैभन्दा बढी ४५.७० प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ३.८८ प्रतिशत योगदान रहने अनुमान छ ।

**तालिका २.५ : राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व. २०७९/८०)**

| क्षेत्र | कोशी | मधेश | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम |
|---|---|---|---|---|---|---|---|
| कृषि क्षेत्रमा योगदान (प्रतिशत) | २१.५१ | १८.८१ | १७.८० | ७.९० | १७.४५ | ५.१७ | ९.५५ |
| उद्योग क्षेत्रमा योगदान (प्रतिशत) | २०.१२ | ११.४३ | ३०.५७ | १२.०५ | १५.४८ | ३.२१ | ७.१४ |
| सेवा क्षेत्रमा योगदान (प्रतिशत) | १२.६३ | ११.१९ | ४५.७० | ८.०६ | १२.६१ | ३.८८ | ५.९३ |
| **कुल गार्हस्थ्य उत्पादनमा योगदान** | **१५.७९** | **१३.१०** | **३६.८६** | **८.९८** | **१४.१७** | **४.११** | **६.९८** |

स्रोत : केन्द्रीय तथ्याङ्क कार्यालय

औद्योगिक वर्गीकरण अनुसार मुलुकको कुल कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको कृषि क्षेत्रको योगदान अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी रहेको छ भने खानी तथा उत्खनन्, वस्तु उत्पादन (Manufacturing), सार्वजनिक प्रशासन, वित्तीय मध्यस्थता, आवास तथा भोजन सेवा, थोक तथा खुद्रा सेवा, यातायात तथा भन्डारणको कुल मूल्य अभिवृद्धि ( GVA) मा बागमती प्रदेशको योगदान सबैभन्दा बढी रहेको छ । मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कृषि बाहेकका अन्य सबै क्षेत्रहरुमा बागमती प्रदेशको योगदान सबैभन्दा बढी रहेको छ ।

## प्रदेशगत आर्थिक वृद्धि

आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा २ प्रतिशत रहने अनुमान छ । अघिल्लो वर्षको सोही अवधिमा यस प्रदेशको आर्थिक वृद्धिदर ५.४७ प्रतिशत रहेको थियो । प्रदेशगत रुपमा उपभोक्ता मूल्यमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ३.२६ प्रतिशत रहने अनुमान छ भने वागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम १.४४ प्रतिशत रहने अनुमान छ । अघिल्लो वर्षको सोही अवधिमा बागमती प्रदेशको आर्थिक वृद्धिदर ६.३० प्रतिशत रहेको थियो भने गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ६.३५ प्रतिशत रहेको थियो ।

**तालिका २.६ : प्रदेशगत आर्थिक वृद्धि (%)**

| प्रदेश | २०७८/७९ | २०७९/८० |
|---|---|---|
| कोशी | ५.४७ | २.०० |
| मधेश | ४.६३ | १.६९ |
| बागमती | ६.३० | १.४४ |
| गण्डकी | ६.३५ | ३.२६ |
| लुम्बिनी | ५.०३ | २.०६ |
| कर्णाली | ५.३२ | १.९१ |
| सुदूरपश्चिम | ४.७८ | १.७८ |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

## २.४ प्रादेशिक क्षमता, सम्भावना र चुनौती

### प्रादेशिक क्षमता तथा सम्भावना

- कोशी प्रदेश भारत र चीन दुवै देशसँग सीमाना जोडिनुको साथै यहाँ रहेका कोशी तथा मेची राजमार्गले दुवै छिमेकी मुलुकसम्मको पहुँच सहज बनाएकोले उद्योग तथा कलकारखानाहरु स्थापना गर्न विदेशी लगानी आकर्षित गर्न सके उत्पादित वस्तु तथा सेवा निकासी गर्न तुलनात्मक रुपमा सहज रहेको छ ।
- कोशी प्रदेशमा विश्वको सर्वोच्च शिखर सगरमाथा, हिमाली वन्यजन्तुको जीवन पद्धती झल्काउने सगरमाथा र मकालु वरुण राष्ट्रिय निकुञ्जको अवस्थिति, छोटो दुरी मै विविधता झल्कने जलवायु र पर्याप्त जैविक विविधताले मनोरञ्जन, पर्वतारोहण तथा साहसिक क्षेत्रमा रमाउने विश्वका पर्यटकलाई आकर्षित गरी मुलकको विदेशी मुद्रा आर्जनको स्रोत विप्रेषण पछिको दिगो वैकल्पिक स्रोतको रुपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- यस प्रदेशमा रहेको झापा, मोरङ, सुनसरी, उदयपुर, जिल्लाको हावापानी सुहाउदो ड्रागन फल, हाईब्रीड मकै, केरा खेती, लङ ग्रेन धान (तेज गोल्ड, रामधान), रवर खेती व्यावसायको खेती गरिएको क्षेत्रफल बढदै गएको कारण उत्पादन क्रमशः बढदै जाने सम्भावना रहेको देखिन्छ । साथै, इलामको कन्याम, धनकुटाको भेडेटार, तेह्रथुमको वसन्तपुरजस्ता सुन्दर पर्यटकीय स्थलहरु प्रशस्त रहेको यस प्रदेशमा कृषि पेशालाई पर्यटन व्यवसायसंग अन्तर आवद्धता गरी कृषि पर्यटनको विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको देखिन्छ ।
- मुलुकको कुल कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको योगदान सबैभन्दा धेरै रहेको अवस्थामा यस क्षेत्रमा खाद्यान्न, फलफूल, तरकारी र केही नगदे बाली जस्तै चिया, अलैंचीको उत्पादन गर्न पूर्वाधार क्षेत्रको विकास, लगानी विस्तार, आधुनिक प्रविधिको प्रयोग, सामुहिक खेती प्रणालीको अवलम्बन गरी कृषि क्षेत्रको व्यवसायीकरण गर्न र बजारको सुनिश्चितता गर्न सकेमा कृषिजन्य उत्पादनको आयात प्रतिस्थापन तथा कृषि उपज निर्यात समेत गर्न सकिने क्षमता एवम् सम्भावना रहेको छ ।
- यस प्रदेशमा कृषि बाली तथा पशुधन बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सके व्यावसायिक कृषि तथा पशुपालन व्यवसायमा विद्यमान रहेको जोखिम न्यूनीकरण भई यस क्षेत्रमा आकर्षण बढने सम्भावना देखिन्छ ।
- यस प्रदेशमा धार्मिक महत्वका हलेसी महादेव, धर्तीको पहिलो तीर्थ मानिने बराह क्षेत्र, पाथिभरा देवी लगायतका अनगिन्ती मठ मन्दिर, धार्मिक तथा ऐतिहासिक क्षेत्र रहेकाले पर्यटन पूर्वाधारमा लगानी गरी ठुलो संख्यामा हिन्दु तथा बौद्ध मार्गीहरुको बसोवास रहेका भारतका आसाम, मेघालय, पश्चिम बंगाल लगायतका अन्य क्षेत्रबाट धार्मिक पर्यटकलाई भित्र्याउन सकिने ।

- यस प्रदेशमा अवस्थित निरन्तर रुपमा जल प्रवाह हुनसक्ने ठुला नदीनालाहरुको आसपासमा जलासय निर्माण गरी सिँचाइ क्षेत्रको विस्तारका साथै जल यातायात, माछापालन, जल पर्यटन/मनोरञ्जन आदिको विकास गर्दै बहुआयामिक फाइदा लिन सकिने सम्भावना देखिन्छ ।

- यस प्रदेशका तीन जिल्लाहरुमा धानको उत्पादन अधिक हुनु र बाँकी जिल्लाहरुमा पनि धानको उत्पादन वृद्धि भइरहेको देखिन्छ । भारत सरकारले समय समयमा चामलको आयतमा प्रतिबन्ध लगाउने गरेकोले नेपाली बजारमा चामलको बजार प्रभावित हुने हुदाँ चामल उद्योगहरुको क्षमता अभिवृद्धि गर्न सके बजार विस्तारको सम्भावना प्रचुर देखिन्छ ।

- यस प्रदेशका अधिकांश जिल्लाहरुमा यातायात सहज भएकाले पहाडी र हिमाली भेगमा उत्पादन हुने चिज, छुर्पि, पनिर लगायतका दुग्धजन्य पदार्थको उत्पादन गर्ने उद्योगको स्थापना गर्न सके बजारको विस्तार हुनुका साथै भित्रि मधेश र पहाडी जिल्लाहरुमा रहेका वनबाट जडिबुटिहरुको पहिचान गरी जडिबुटिमा आधारित उद्योग, कलकारखाना स्थापना गरी रोजगारी श्रृजना गर्न सकिने सम्भावना देखिन्छ ।

- मुलुककै औद्योगिक क्षेत्रको उत्पादनमा कोशी प्रदेशको उद्योग क्षेत्रको योगदान दोस्रो स्थानमा रहेको सन्दर्भमा सुनसरी-मोरङ करिडोरमा भएका उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्न सकेमा औद्योगिक उत्पादनले आयात प्रतिस्थापन तथा निर्यात व्यापार प्रवर्द्धनमा उल्लेखनीय योगदान पुर्‍याउन सक्ने देखिन्छ ।

- कोशी प्रदेश विद्युत उत्पादनका लागि सबैभन्दा बढी क्षमता भएको प्रदेश हो । यस प्रदेशमा विद्युत उत्पादनको सम्भावना ३४ हजार २ सय १५ मेगावाट रहेको विद्युत विकास विभागको अनुमान रहेको छ । जलविद्युत आयोजनाहरुको निमार्णवाट रोजगारी सिर्जना, उर्जाको आपूर्ति, आम्दानीमा वृद्धि तथा निर्यातवाट विदेशी मुद्राको आर्जन समेत गर्न सक्ने सम्भावना रहेको देखिन्छ ।

## चुनौती

- यस प्रदेशका पहाडी जिल्लाहरुमा श्रमशक्तिको अभाव भई खेतीयोग्य जमिन बांझो रहनु तथा तराईको खेतीयोग्य जमिन अव्यवस्थित सहरीकरणका कारण खण्डीकरण हुदै जाने प्रवृत्तिलाई रोकथाम गर्न पहाड र तराईका जिल्लामा सन्तुलित विकासको नीति कार्यान्वयन गर्नु ।

- यस प्रदेशमा तीव्र गतिमा निर्माण कार्य भईरहेका सडक सञ्जाल आयोजनाहरुको कार्य गुणस्तरीयता कायम गरी समयमै कार्य सम्पन्न गर्दै जनतामा पुर्वाधारहरु प्रति अपनत्व भाव सिर्जना हुने वातावरण तयार गर्नु । साथै राष्ट्रिय गौरव, प्रदेश गौरव लगायत कतिपय ठुला परियोजनाहरुको मुआव्जा वितरणलाई वैज्ञानिक र यर्थाथमुखि बनाउदै निमार्णधीन परियोजनाहरुमा स्थानीय जनसहभागिता सुनिश्चित गर्नु ।

- बैंक तथा वित्तीय क्षेत्रले उत्पादनशील क्षेत्रहरु पहिचान गर्ने, उद्यमशीलता विकास मार्फत ती क्षेत्रमा उद्यमीहरुको विकास हुनेगरी कर्जा प्रवाह, व्यवसायीको व्यावसायिक र प्राविधिक क्षमता अभिवृद्धिमा सहयोग गर्ने, विभिन्न व्यवसायमा अर्न्तनिहित जोखिम न्युनिकरण गर्न सहयोग पुऱ्याउने र उत्पादनदेखि बजारीकरणसम्मको कार्यमा उद्यमी व्यवसायीसँग सहकार्य र समन्वय गरी उच्चतम प्रतिफल प्राप्त गर्न सहयोग गर्नुपर्ने देखिन्छ ।

- कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रसँग सम्बन्धित तथ्याङ्क प्रदायक निकाय, प्रतिष्ठान तथा संघ-संस्थाहरुमा सम्बन्धित सूचना तथा तथ्याङ्कको व्यवस्थित अभिलेख नहुँदा तथ्याङ्क प्राप्तीमा कठिनाइ हुनुका साथै प्राप्त भएका तथ्याङ्क, सूचना तथा विवरण पूर्णरुपमा विश्वसनीय बनाई तथ्यमा आधारित यथार्थपरक, व्यवहारिक र कार्यान्वयनयोग्य नीति निर्माण गर्नु ।

- नेपाली श्रमशक्ति वैदेशिक रोजगारमा जाने क्रम यथावत रहेकाले देश भित्रका उद्योगहरुमा दक्ष तथा अदक्ष जनशक्तिको आपूर्तिलाई टिकाई राख्नुका साथै अदक्ष कामदारलाई दक्ष बनाई स्वदेशी श्रमिकलाई अवसर प्रदान गरी विदेशी श्रमिक माथिको निर्भरता घटाउनु ।

- यस प्रदेशका तुलनात्मक लाभ हुन सक्ने कृषि, पर्यटन, जलविद्युत आदि क्षेत्रको पहिचान, विकास तथा प्रवर्द्धन गरी दुई ठूला छिमेकी देशको बजारबाट लाभ लिन सक्ने वातावरण बनाउनु ।

- आन्तरिक लगानीका स्रोत तथा क्षमता सीमित रहेको सन्दर्भमा प्रदेशको समृद्धि र विकासको लागि स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नु ।

- हिमाल, पहाड र तराई क्षेत्र सहितको प्रदेश भएकाले जटिल भौगलिक बनोटको अवस्थितिका कारण पर्याप्त लगानी भित्र्याई यस क्षेत्रमा रहेका आर्थिक सम्भावनाहरुबाट लाभ हाँसिल गर्दै प्रदेशको सन्तुलित रुपमा विकास गर्नु ।

- आवधिक योजनाले निर्दिष्ट गरेका आर्थिक विकासको रणनीतिक लक्ष्य अनुरुप हुने गरी वार्षिक वजेटमा पर्याप्त रकम विनियोजन गर्दै क्षेत्रगत प्राथमिकतालाई निरन्तरता प्रदान गरी आवधिक योजनाको लक्ष्य हासिल गर्नु ।

## २.५ प्रादेशिक जनसंख्याको स्थिति

हिमाल, पहाड र तराईसम्म फैलिएको कोशी प्रदेशमा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर गरी जम्मा १४ वटा जिल्ला पर्दछन् । यस प्रदेशको पूर्वतर्फ भारतको सिक्किम, पश्चिम बङ्गाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछन् । यसैगरी, उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ मधेश प्रदेश र वागमती प्रदेश  पर्दछन् । यस प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग कि.मि.

रहेको छ भने २०७८ को बाह्रौं जनगणनाको प्रतिवेदन अनुसार कुल जनसंख्या ४९,६१,४१२ रहेको छ, जसमध्ये पुरुषको संख्या ४८.७२ प्रतिशत र महिलाको संख्या ५१.२८ प्रतिशत रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार कोशी प्रदेश को जनघनत्व १९२ जना प्रतिवर्ग कि.मि.रहेको छ जुन राष्ट्रिय जनगणना २०६८ मा १७५ जना प्रति वर्ग कि.मि. रहेको थियो । त्यस्तै प्रति परिवार औसत सदस्य संख्या ४.१६ जना रहेको छ भने २०६८ को जनगणनामा प्रति परिवार सदस्य औसत संख्या ४.५७ जना रहेको थियो । कोशी प्रदेशमा परिवारको आकार सुनसरी जिल्लामा सबैभन्दा बढी (४.३६) र इलाम जिल्लामा सबैभन्दा कम (३.९६) रहेको छ । त्यसैगरी कोशी प्रदेशका १४ जिल्लाहरुमध्ये सबैभन्दा बढी जनसंख्या मोरङ जिल्लामा ११,४८,१५६ र सबैभन्दा कम जनसंख्या तेह्रथुम जिल्लामा ८८,७३१ रहेको छ । झापा र सुनसरी जिल्ला क्रमश दोस्रो र तेस्रो धेरै जनसंख्या भएका जिल्लाहरु हुन् । यस प्रदेशमा आर्थिकरुपले सकृय जनसंख्या २९,३२,२०९ रहेको छ ।

जनगणनाको नतिजा अनुसार कोशी प्रदेशमा कुनै पनि सरकारी निकायमा दर्ता नगरेका र एक जना पनि तलबी कामदार नराखेका कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार १,१६,४७९ रहेका छन् । यस्ता साना घरेलु व्यवसाय सञ्चालन गर्ने कुल परिवारमध्ये उद्योग २८,५४७, व्यापार व्यवसाय ५७,२९२, यातायात ७,४०३, सेवा ११६५९ र अन्य किसिमका व्यवसाय सञ्चालन गर्ने ११,५७८ परिवार छन् । उल्लेखित साना घरेलु व्यवसाय मध्ये मुख्य रुपमा पुरुषले सञ्चालन गरेका ४६.५ प्रतिशत र महिलाले सञ्चालन गरेका ५३.५ प्रतिशत रहेका छन् ।

कोशी प्रदेशका ५ वर्ष वा सो भन्दा वढी उमेरका कुल जनसंख्यामा साक्षरता दर ७९.७ प्रतिशत रहेको छ । पुरुषको साक्षरता दर ८६.१ प्रतिशत र महिलाको साक्षरता दर ७३.६ प्रतिशत रहेको छ ।

## तालिका २.७ : कोशी प्रदेशको जिल्लागत जनसंख्या तथा वृद्धिदरको अवस्था

| जिल्ला | जनसंख्या | वृद्धिदर |
|---|---|---|
| ताप्लेजुङ | १२०५९० | -०.५३ |
| संखुवासभा | १५८०४१ | -०.०४ |
| सोलुखुम्बु | १०४८५१ | -०.०९ |
| ओखलढुङ्गा | १३९५५२ | -०.५६ |
| खोटाङ | १७५२९८ | -१.५६ |
| भोजपुर | १५७९२३ | -१.३९ |
| धनकुटा | १५०५९९ | -०.७८ |
| तेह्रथुम | ८८७३१ | -१.३ |
| पाँचथर | १७२४०० | -१.०२ |
| इलाम | २७९५३४ | -०.३६ |
| झापा | ९९८०५४ | १.९७ |
| मोरङ | ११४८१५६ | १.६६ |
| सुनसरी | ९२६९६२ | १.८६ |
| उदयपुर | ३४०७२१ | ०.६८ |

स्रोत : केन्दीय तथ्याङ्क कार्यालय

# परिच्छेद ३ : कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल १.३ प्रतिशतले बढेर १० लाख ५५ हजार ५ सय २२ हेक्टर कायम भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा मकै, गहुँ, कोदो, जौं, फापर, उखु, सनपाट, तेलहन, आँप र प्याजले ढाकेको क्षेत्रफल बढेका कारण समग्र कृषि बालीले ढाकेको क्षेत्रफल बढेको देखिन्छ। यस प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमध्ये खाद्य तथा नगदे बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८७.९ प्रतिशत, तरकारी बालीको हिस्सा ५ प्रतिशत, फलफूलको हिस्सा ३ प्रतिशत, मसला बालीको हिस्सा २.७ प्रतिशत र चिया तथा कफीको हिस्सा १.४ प्रतिशत रहेको छ। कृषि उपजले ढोकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ र कोदो बालीले ढाकेको क्षेत्रफलको हिस्सा ७२ प्रतिशत रहेको छ।

**चार्ट ३.१ : पछिल्लो तीन वर्षमा प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्र**




स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

माथीको चित्रमा उल्लेखित अन्य वालीले ढाकेको क्षेत्रफल अन्तर्गत जौं, फापर, उखु, सनपाट, भटमास, तेलहन र दलहन बालीहरु पर्दछन।

### ३.१.१ खाद्य तथा अन्य बाली

अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल १.८ प्रतिशतले भई ९ लाख २८ हजार ४ सय ७ हेक्टर पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.४ प्रतिशतले घटेको थियो।

समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशतले घटेको छ भने मकै बालीले ढाकेको क्षेत्रफल १.७ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल १.४ प्रतिशत र कोदो बालीले ढाकेको क्षेत्रफले १३.९ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्ष धान बालीले ढाकेको क्षेत्रफल ०.९ प्रतिशतले बढेको थियो भने मकै बालीले ढाकेको क्षेत्रफल २.२ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल ७.५ र कोदो बालीले ढाकेको क्षेत्रफल ३.५ प्रतिशत घटेको थियो ।

कोशी प्रदेशमा अघिल्ला आर्थिक वर्षहरुमा कोदो बालीले ढाकेको क्षेत्रफल लगातार कम हुदै गएकोमा समीक्षा वर्षमा ताप्लेजुङ जिल्लामा कोदो वाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको हुँदा कोदो बालीले ढाकेको क्षेत्रफल वृद्धि भएको देखिएको छ ।

आर्थिक वर्ष २०७९/८० मा प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये धान बालीको अंश सबैभन्दा बढी ३५.८ प्रतिशत, मकै बालीको अंश ३१.५ प्रतिशत, कोदो बालीको अंश ८.३ प्रतिशत र गहुँ बालीको अंश ६.२ प्रतिशत रहेको छ । समीक्षा वर्षमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी झापा जिल्लामा १९.४ प्रतिशत र सबैभन्दा कम धनकुटा जिल्लामा ३.३ प्रतिशत रहेको छ ।

**तालिका ३.१ : कोशी प्रदेशमा खाद्य बालीहरुले ढाकेको क्षेत्रफलको अवस्था**

| बाली | क्षेत्रफल (हे.) | | | वृद्धिदर | | ढाकेको क्षेत्रफलमा हिस्सा (२०७९/८०) |
|---|---|---|---|---|---|---|
| | २०७७/२०७८ | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० | |
| धान | ३३०२९७ | ३३३,१८५ | ३३२,६१८ | ०.९ | -०.२ | ३५.८ |
| मकै | २९४५७२ | २८८,०१२ | २९२,८०५ | -२.२ | १.७ | ३१.५ |
| कोदो | ६९९३५ | ६७,४८३ | ७६,८४५ | -३.५ | १३.९ | ८.३ |
| आलु | ६६४७९ | ६७,१४४ | ६६,८५८ | १.० | -०.४ | ७.२ |
| गहुँ | ६१८५९ | ५७,२०१ | ५७,९९५ | -७.५ | १.४ | ६.२ |
| तेलहन | ४२७०४ | ४२,२०७ | ४३,३६२ | -१.२ | २.७ | ४.७ |
| दलहन | ३३९७३ | ३४,७७० | ३५,७८४ | २.३ | २.९ | ३.९ |
| अन्य | २४४२६ | २१५५६ | २२१४० | -११.७ | २.७ | २.४ |
| **कुल** | **९२४२४५** | **९११५५७** | **९२८४०७** | -१.४ | १.८ | **१००.०** |

स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

अन्य खाद्य बालीहरुले ढाकेको क्षेत्रफल अन्तर्गत सनपाट, उखु, भटमास, फापर, जौँ र सुर्ती बालीहरु समेटिएका छन ।

### ३.१.२ तरकारी

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा आर्थिक वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल ५.४ प्रतिशतले घटेर ५२,५०१ हेक्टर कायम भएको छ । अघिल्लो आर्थिक वर्षमा उक्त बालीले ढाकेको क्षेत्रफल ८.७ प्रतिशतले बढेको थियो । समीक्षा आर्थिक वर्षमा यस प्रदेशमा तरकारी बालीले ढाकेको कुल क्षेत्रफलमध्ये सबैभन्दा बढी क्षेत्रफल झापा जिल्लामा २०.२ प्रतिशत र सबैभन्दा कम क्षेत्रफल सोलुखुम्बु जिल्लामा १.२ प्रतिशत रहेको छ ।

### ३.१.३ फलफूल

आर्थिक वर्ष २०७८/७९ को तुलनामा समीक्षा आर्थिक वर्षमा समग्र फलफूल बालीले ढाकेको क्षेत्रफल ०.७ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ७.४ प्रतिशतले घटेको थियो। समीक्षा आर्थिक वर्षमा यस प्रदेशमा फलफूल बालीले ढाकेको कुल क्षेत्रफलमध्ये सबैभन्दा बढी क्षेत्रफल झापा जिल्लामा २१.६ प्रतिशत र सबैभन्दा कम क्षेत्रफल ओखलढुंगा जिल्लामा २.२ प्रतिशत रहेको छ।

### ३.१.४ मसला बाली

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा आर्थिक वर्षमा मसला बालीले ढाकेको कुल क्षेत्रफल १.८ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त क्षेत्रफल २.५ प्रतिशतले बढेको थियो। समीक्षा आर्थिक वर्षमा यस प्रदेशमा मसला बालीले ढाकेको कुल क्षेत्रफलमध्ये सबैभन्दा बढी क्षेत्रफल इलाम जिल्लामा १८.४ प्रतिशत र सबैभन्दा कम क्षेत्रफल ओखलढुङ्गा जिल्लामा ०.७ प्रतिशत रहेको छ।

**तालिका ३.२ : कृषि बालीले ढाकेको जिल्लागत भू-क्षेत्र (आ.व. २०७९/०८०)**

| बाली | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| **जिल्ला** | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा |
| झापा | १७९६७७ | १९.४ | १०६२९ | २०.२ | ६८०७ | २१.६ | ८७८ | ३.१ |
| मोरङ्ग | १५४६८४ | १६.७ | १०११४ | १९.३ | ४४८९ | १४.३ | २६६५ | ९.४ |
| सुनसरी | १०२०५२ | ११.० | ८१५४ | १५.५ | २५४१ | ८.१ | १४२२ | ५.० |
| खोटाङ | ८४११५ | ९.१ | १२२० | २.३ | ३२२३ | १०.२ | १७३८ | ६.१ |
| भोजपुर | ६११४२ | ६.६ | १९६४ | ३.७ | २३४६ | ७.५ | १०३४ | ३.६ |
| ईलाम | ६०८४६ | ६.६ | ३६०१ | ६.९ | ८३४ | २.६ | ५२५२ | १८.४ |
| उदयपुर | ४७६४२ | ५.१ | १४३७ | २.७ | ९८९ | ३.१ | १३५३ | ४.७ |
| पाँचथर | ३९८३० | ४.३ | २४२५ | ४.६ | २२८४ | ७.३ | ४३६१ | १५.३ |
| संखुवासभा | ३६९०७ | ४.० | १८०७ | ३.४ | १०१४ | ३.२ | २६९४ | ९.५ |
| तेह्रथुम | ३५५३५ | ३.८ | १६८० | ३.२ | १५३५ | ४.९ | ९३५ | ३.३ |
| ताप्लेजुङ्ग | ३२७७० | ३.५ | ११०३ | २.१ | २०१२ | ६.४ | ४६४५ | १६.३ |
| ओखलढुङ्गा | ३१६८९ | ३.४ | १७४६ | ३.३ | ६८७ | २.२ | १९९ | ०.७ |
| सोलुखुम्बु | ३०९८८ | ३.३ | ६४१ | १.२ | ८७८ | २.८ | ३४५ | १.२ |
| धनकुटा | ३०५३१ | ३.३ | ५९८१ | ११.४ | १८१७ | ५.८ | ९६९ | ३.४ |
| **जम्मा** | **९२८४०७** | **१००** | **५२५०१** | **१००** | **३१४५४** | **१००** | **२८४८९** | **१००** |

स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.२ कृषि उत्पादन

गत आर्थिक वर्षको तुलनामा समीक्षा आर्थिक वर्षमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन १.८ प्रतिशतले बढेर ५२,३६,२८८ मेट्रिक टन पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन १.९ प्रतिशतले बढेको थियो । विशेष गरी खाद्य बाली अन्तर्गतका धान, मकै, कोदो र फापरको उत्पादन बढेकाले कोशी प्रदेशको समग्र कृषि बालीको उत्पादन बढेको देखिन्छ ।

पछिल्लो पाँच वर्षमा कोशी प्रदेशमा औसतमा धानको उत्पादन ३.९ प्रतिशत, मकैको उत्पादन ३.३ प्रतिशत, कोदोको उत्पादन १.७ प्रतिशत र आलुको उत्पादन ३.२ प्रतिशतले बढेको छ भने गहुँको उत्पादन १.४ प्रतिशतले घटेको छ ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको पछिल्लो पाँच वर्षको उत्पादन वृद्धिदर**




स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा आर्थिक वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन अघिल्लो आर्थिक वर्षको तुलनामा २.२ प्रतिशतले बढेर ३९८०८३४ मेट्रिक टन पुगेको छ । अघिल्लो आर्थिक वर्षमा उक्त बालीहरुको उत्पादन ०.३ प्रतिशतले बढेको थियो ।

समीक्षा वर्षमा धान उत्पादन ५.७ प्रतिशत, मकै उत्पादन २.९ प्रतिशत, गहुँ उत्पादन १.५ प्रतिशत, कोदोको उत्पादन ११.२ र फापर उत्पादन ३४.८ प्रतिशतले बढेको छ भने जौंको उत्पादन २.१ प्रतिशत तथा आलु उत्पादन ३.१ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा धान उत्पादन ३.३ प्रतिशत, गहुँ उत्पादन ९.६ प्रतिशत र कोदो उत्पादन ४.९ प्रतिशतले घटेको थियो भने मकै उत्पादन १.६ प्रतिशत, जौं उत्पादन ०.३ प्रतिशत, फापर उत्पादन २३ प्रतिशत र आलु उत्पादन ६.२ प्रतिशतले बढेको थियो ।

समीक्षा आर्थिक वर्षमा यस प्रदेशमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमध्ये धान उत्पादनको अंश सबैभन्दा बढी ३३.६ प्रतिशत, मकै उत्पादनको अंश २३.८ प्रतिशत, गहुँ उत्पादनको अंश ३.८ प्रतिशत, कोदो उत्पादनको अंश २.६

प्रतिशत र आलु उत्पादनको अंश २५.१ प्रतिशत रहेको छ । समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनमा जिल्लागत योगदानको आधारमा सबैभन्दा बढी झापा जिल्लाको २२.५ प्रतिशत र सबैभन्दा कम तेह्रथुम जिल्लाको २.६ प्रतिशत योगदान रहेको छ ।

**तालिका ३.३ : कोशी प्रदेशमा खाद्य बालीको उत्पादन अवस्था, कुल उत्पादनमा योगदान र उत्पादकत्व**

| बाली | बालीले ढाकेको भुक्षेत्र हेक्टरमा (२०७९/८०) | उत्पादन(मे.टन) | | वृद्धिदर | | उत्पादनमा हिस्सा (२०७९/८०) | उत्पादकत्व |
|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० | | |
| धान | ३३२६१८ | १२६३७१४ | १३३६०५८ | -३.३ | ५.७ | ३३.६ | ४.० |
| आलु | ६६८५८ | १०२९४५२ | ९९७७२२ | ६.२ | -३.१ | २५.१ | १४.९ |
| मकै | २९२८०५ | ९२०४४६ | ९४६८८२ | १.६ | २.९ | २३.८ | ३.२ |
| गहुँ | ५७९९५ | १४७३३० | १४९५६८ | -९.६ | १.५ | ३.८ | २.६ |
| कोदो | ७६८४५ | ९४४०१ | १०४९६७ | -४.९ | ११.२ | २.६ | १.४ |
| तेलहन | ४३३६२ | ५०६५१ | ५२६९८ | ३.९ | ४.० | १.३ | १.२ |
| दलहन | ३५७८४ | ४१५६७ | ४३५१२ | २.७ | ४.७ | १.१ | १.२ |
| अन्य | २२१४० | ३४७३३० | ३४९४२७ | -०.४ | ०.६ | ८.८ | – |
| **कुल** | **९२८४०७** | **३८९४८९१** | **३९८०८३४** | **०.३** | **२.२** | **१००.०** | – |

स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

समीक्षा वर्षको अवधिमा समयमानै वर्षा भएको, गुणस्तरीय बिउ, तुलनात्मक रुपमा रासायनिक मलको सहज उपलब्धता तथा कृषिमा आधुनिकिकरणका कारण धान बालीले ढाकेको क्षेत्रफल घटेता पनि धानको समग्र उत्पादकत्वमा सुधार भई धानको समग्र उत्पादन भने बढेको छ । त्यसैगरी मकै, गहुँ, कोदे, जौं, फापर, उखु, तेलहन तथा दलहन बालीले ढाकेको क्षेत्रफल वृद्धि भएका कारण यस प्रदेशमा समग्र खाद्य तथा अन्य बालीको कुल उत्पादन बढेको देखिन्छ ।

### ३.२.२ तरकारी

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा आर्थिक वर्षमा कोशी प्रदेशमा तरकारी बालीको उत्पादन ०.२ प्रतिशतले बढेर ८,११,७२३ मेट्रिक टन पुगेको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो उत्पादन ९.२ प्रतिशतले बढेको थियो । समीक्षा आर्थिक वर्षमा तरकारी तथा बागवानीसँग सम्बन्धि समग्र उत्पादनमा सबैभन्दा बढी झापा जिल्लाको २३.७ प्रतिशत र सबैभन्दा कम सोलुखुम्बु जिल्लाको १ प्रतिशत योगदान रहेको छ । पछिल्लो पाँच वर्षमा कोशी प्रदेशमा तरकारीको उत्पादन औसतमा २.१ प्रतिशतले बढेको छ ।

विगत केही वर्षदेखि तरकारी बालीको उत्पादन वृद्धि भइरहेको भएता पनि उन्नत बिउबिजन, व्यवसायिक खेती प्रणाली, आधुनिक खेती प्रविधि, पर्याप्त मल तथा सिँचाइ सुविधाको अभावका कारण तरकारीको उत्पादकत्व आशातीत रुपमा वृद्धि हुन सकेको देखिदैन । साथै, आयतित भारतीय तरकारीसँग मुल्य प्रतिस्पर्धी हुन नसकेका कारण सीमावर्ती जिल्लामा तरकारी खेतीमा आकर्षण बढेको देखिदैन ।

**चार्ट ३.३ : कोशी प्रदेशमा तरकारी बालीले ढाकेको भू-क्षेत्र वृद्धिदर र उत्पादन वृद्धिदर तथा उत्पादकत्व**




स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.२.३ फलफूल

आर्थिक वर्ष २०७८/७९ को तुलनामा समीक्षा आर्थिक वर्षमा यस प्रदेशमा फलफूलको समग्र उत्पादन ०.८ प्रतिशतले बढेर २,४८,२५७ मेट्रिक टन पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादन २.७ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा सुन्तलाको उत्पादन ३.४ प्रतिशत र अन्य फलफुलको उत्पादन ३.९ पतिशतले बढेको छ भने आँपको उत्पादन २.८ प्रतिशत र केराको उत्पादन २ प्रतिशतले घटेको छ। समीक्षा आर्थिक वर्षमा फलफूल उत्पादनमा जिल्लागत योगदानको आधारमा झापा जिल्लाको सबैभन्दा बढी २७.३ प्रतिशत रहेको छ भने ओखलढुङ्गा जिल्लाको सबैभन्दा कम १.५ प्रतिशत योगदान रहेको छ।

### ३.२.४ मसला बाली

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा आर्थिक वर्षमा मसला बालीको उत्पादन ०.४ प्रतिशतले घटेर १,७०,८५५ मेट्रिक टन कायम भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मसला बालीको उत्पादन ५.२ प्रतिशतले बढेको थियो । यसमध्ये समीक्षा वर्षमा लसुनको उत्पादन ६.२ प्रतिशत, प्याजको उत्पादन १२.४ प्रतिशत र अन्य मसलाको उत्पादन ४.२ प्रतिशतले बढेको छ भने अदुवाको उत्पादन २.९ प्रतिशत, अलैचीको उत्पादन २ प्रतिशत र बेसारको उत्पादन २.२ प्रतिशतले घटेको छ । समीक्षा वर्षमा कोशी प्रदेशको बिभिन्न स्थानमा लसुन तथा प्याज खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनमा रहेका कारण यिनीहरुको उत्पादन बढेको देखिन्छ। मसला बालीमध्ये यस प्रदेशको पहाडी तथा हिमाली जिल्लामा उत्पादन हुने अलैंची कोशी प्रदेशबाट निर्यात हुने मुख्य नगदे बाली हो। समीक्षा वर्षमा अलैचीको उत्पादन घट्नुको मुख्य कारण झुसिल किराको प्रकोप रहेको छ। समीक्षा वर्षमा मसला बाली उत्पादनमा जिल्लागत योगदानका आधारमा इलाम जिल्लाको हिस्सा सबैभन्दा बढी ३३.१ प्रतिशत र ओखलढुङ्गा जिल्लाको हिस्सा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ।

**तालिका ३.४ : कोशी प्रदेशमा कृषि बालीको जिल्लागत उत्पादन अवस्था (आ.व. २०७९/०८०)**

| बाली / जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मे.टन) | जिल्लागत हिस्सा | उत्पादन (मे.टन) | जिल्लागत हिस्सा | उत्पादन (मे.टन) | जिल्लागत हिस्सा | उत्पादन (मे.टन) | जिल्लागत हिस्सा |
| झापा | ८९६८८७ | २२.५ | १९२७४९ | २३.७ | ६७७८७ | २७.३ | १२०१२ | ७.० |
| मोरङ्ग | ७३८१५८ | १८.५ | १५२१७७ | १८.७ | ५१८७२ | २०.९ | २२१२९ | १३.० |
| सुनसरी | ५८५५०४ | १४.७ | १०४०८५ | १२.८ | २०२०६ | ८.१ | १४१७८ | ८.३ |
| ईलाम | ३०३९९५ | ७.६ | ५५५३६ | ६.८ | ४३२० | १.७ | ५६४९८ | ३३.१ |
| खोटाङ | १७३१३४ | ४.३ | १३६८९ | १.७ | १२१२१ | ४.९ | ३४१३ | २.० |
| भोजपुर | २२२८५४ | ५.६ | २४८१६ | ३.१ | १३८०६ | ५.६ | ३७७९ | २.२ |
| उदयपुर | १४८५२१ | ३.७ | १९०७३ | २.३ | ९२२७ | ३.७ | १६२२४ | ९.५ |
| ताप्लेजुङ्ग | १४०८५५ | ३.५ | १३४६२ | १.७ | १३५४७ | ५.५ | ८७४१ | ५.१ |
| धनकुटा | ११०९२२ | २.८ | १३४००४ | १६.५ | ९४४६ | ३.८ | ६९५० | ४.१ |
| पाँचथर | ११८६३६ | ३.० | २८६१५ | ३.५ | २१९१४ | ८.८ | १३३३९ | ७.८ |
| संखुवासभा | ११४५३० | २.९ | १९००२ | २.३ | ६४२० | २.६ | ४६८२ | २.७ |
| तेह्रथुम | १०३२७२ | २.६ | २५१९४ | ३.१ | ९८७४ | ४.० | ४७३९ | २.८ |
| ओखलढुङ्गा | १०७४३५ | २.७ | २०९९२ | २.६ | ३६०८ | १.५ | १९७७ | १.२ |
| सोलुखुम्बु | २१६१३१ | ५.४ | ८३२९ | १.० | ४११० | १.७ | २१९४ | १.३ |
| **जम्मा** | **३९८०८३४** | **१००** | **८११७२३** | **१००** | **२४८२५७** | **१००** | **१७०८५५** | **१००** |

स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.२.५ चिया तथा कफी

आर्थिक वर्ष २०७८/७९ को तुलनामा समीक्षा आर्थिक वर्षमा चियाको उत्पादन १२.५ प्रतिशतले वृद्धि भई २३ हजार ८ सय ५७ मेट्रिक टन पुगेको छ । अघिल्लो वर्षको सोहि अवधिमा चियाको उत्पादन ०.५ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको कुल चिया उत्पादनमध्ये ९७.१ प्रतिशत झापा र इलाम जिल्लामा मात्र उत्पादन भएको छ । अघिल्लो आर्थिक वर्ष ९.५ प्रतिशतले वृद्धि भएको कफी उत्पादन समीक्षा वर्षमा ६.१ प्रतिशतले बढेको छ । कोशी प्रदेशमा कफी उत्पादनको हिस्सा इलाम जिल्लाको सबैभन्दा बढी ६३.९ प्रतिशत रहेको छ ।

### ३.२.६ मह

समीक्षा आर्थिक वर्षमा कोशी प्रदेशमा कुल ४८५ मेट्रिक टन मह उत्पादन भएको छ जुन अघिल्लो वर्षको तुलनामा ८७.६ प्रतिशत बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादन २५९ मेट्रक टन रहेको थियो । समीक्षा वर्षमा मह उत्पादनमा जिल्लागत योगदानको आधारमा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी ७४.४ प्रतिशत रहेको छ । मोरङ जिल्लामा मौरी पालनको २ वटा ब्लक सञ्चालनमा रहेको, मेलीफेरा र सेरेना प्रजाती मौरीको करिब १०,००० घार पुगेकोसाथै बिभिन्न मह प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएकोले उक्त जिल्लामा मह उत्पादन बढेको छ भने प्रदेश

सरकारले विभिन्न जिल्लामा युवा लक्षित कार्यक्रम अन्तर्गत मौरी तथा घार वितरण गरेकाले यस प्रदेशमा मह उत्पादन बढेको छ ।

## ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुजन्य उत्पादन

आर्थिक वर्ष २०७८/७९ को तुलनामा समीक्षा आर्थिक वर्षमा दूधको उत्पादन १४ प्रतिशत, मासुको उत्पादन १४.५ प्रतिशतले घटेको छ भने अण्डाको उत्पादन १.७ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा दूधको उत्पादन ०.१ प्रतिशतले घटेको थियो भने मासु र अण्डाको उत्पादजन क्रमशः १ प्रतिशत, र ०.६ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७९/८० को बैशाख महिना देखि कोशी प्रदेशको मोरङ जिल्लाको लेटाङ नगरपालिकाबाट विशेष गरी गाईगोरुहरुमा लम्पी स्कीन नामक सरुवा रोग देखापरेको थियो । जसको सङ्क्रमणका कारण धेरै गाईहरु बिरामी हुनुका साथै मरेका कारण यस प्रदेशको दुध उत्पादन घटेको छ । त्यसैगरी बजारमा मासुको मागमा कमी आई मुल्य घटेको तथा बंगुरमा ए.एस.एफ. रोगको संक्रमणले बंगुरको मृत्युदर बढेको कारणले मासुको उत्पादन घटेको छ ।

**तालिका ३.५ : कोशी प्रदेशमा माछा र पशुजन्य उत्पादनको अवस्था**

| उत्पादन | २०७८/७९ | २०७९/८० | वृद्धिदर |
|---|---|---|---|
| दूध (हजार लि.) | ६७५८७३ | ५८०९६८ | -१४.० |
| मासु (मे.ट) | ८७१०७ | ७४५०३ | -१४.५ |
| अण्डा (लाख) | १८३४७५ | १८६५१० | १.७ |
| ऊन उत्पादन(मे.ट) | २७०७९ | २७३९२ | १.२ |
| माछा उत्पादन (मे.ट.) | ९२३६ | १००७३ | ९.१ |

स्रोत : अध्ययन क्षेत्रका भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

समीक्षा वर्षमा कोशी प्रदेशमा दूध उत्पादनमा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी २८.७ प्रतिशत रहेको छ भने ताप्लेजुङ जिल्लाको हिस्सा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ । समीक्षा आर्थिक वर्षमा मासु उत्पादनमा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी १८.१ प्रतिशत रहेको छ भने ताप्लेजुङ जिल्लाको हिस्सा सबैभन्दा कम २.८ प्रतिशत रहेको छ ।

### ३.३.२ माछा उत्पादन

समीक्षा आर्थिक वर्षमा माछा उत्पादन ९.१ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षमा माछा उत्पादन १४.७ प्रतिशतले बढेको थियो । समीक्षा आर्थिक वर्षमा माछा उत्पादनमा जिल्लागत योगदानको आधारमा मोरङ जिल्लाको सबैभन्दा बढी ४३.७ प्रतिशत योगदान रहेको छ । यस प्रदेशमा भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रवाट अनुदानमा पोखरी निर्माण भई माछाका भुरा उत्पादन तथा वितरणका साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत मोरङ जिल्लामा माछा जोन कार्यक्रम सञ्चालनमा रहेको र यस प्रदेशको अन्य जिल्लामा पनि यस कार्यक्रम अन्तर्गत पकेट तथा ब्लक सञ्चालनमा रहेकाले कृषकहरु मत्स्यपालन कार्यप्रति आकर्षित हुनु तथा बजार माग बढ्नुले यस प्रदेशमा माछाको उत्पादन बढेको देखिएको छ ।

### ३.३.३ वनजन्य उत्पादन

आर्थिक वर्ष २०७८/७९ को तुलनामा समीक्षा आर्थिक वर्षमा काठ उत्पादन १९.२ प्रतिशतले बढेको छ भने दाउरा तथा औषधीजन्य वस्तु उत्पादन क्रमशः ४४.५ प्रतिशत र ९.४ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षमा काठ, दाउरा र औषधीजन्य बस्तुको उत्पादन क्रमशः १०.४ प्रतिशत, २१७.५ प्रतिशत र ३६.७ प्रतिशतले बढेको थियो । काठ

उत्पादनको जिल्लागत हिस्साको आधारमा कोशी प्रदेशमा इलाम जिल्लाको हिस्सा सबैभन्दा बढी २४.९ प्रतिशत र ओखलढुंगा जिल्लाको हिस्सा सबैभन्दा कम ०.७ प्रतिशत रहेको छ। समीक्षा वर्षमा कोशी प्रदेशमा कुल २ करोड २८ लाख ७५ हजार १५ क्युविक फिट काठ उत्पादन भएको छ।

हिमाली तथा पहाडी जिल्लामा बसाइसँराइको कारण वन पैदावर उपभोगकर्ता घटेको, निजी वनबाट काठ कटानका लागि अघिल्ला वर्षको भन्दा बढी स्वीकृति प्रदान गरेकाले काठको उत्पादनमा वृद्धि भएको देखिन्छ। विगत वर्षहरुमा दाउरामा गणना हुने कतिपय वनजन्य उत्पादनलाई काठमा गणना गर्न थालिएकोले काठको उत्पादनमा वृद्धि हुनुका साथै दाउराको उत्पादनमा कमी आएको देखिन्छ। तेजपात, अमला, मजिठो, अम्रिसो, गुर्जो, रिट्ठा, चिराइतो लगायतका औषधिजन्य उत्पादनहरुको आन्तरिक खपत तथा निकासीमा कमी आएकाले औषधिजन्य उत्पादन घटेको देखिन्छ।

**तालिका ३.६ : काठ उत्पादनको जिल्लागत अवस्था**

| जिल्ला | २०७८/७९ (क्यू. फि) | २०७९/८० (क्यू. फि) | जिल्लागत हिस्सा (२०७९/८०) | वृद्धिदर (%) |
|---|---|---|---|---|
| इलाम | ३८६६०१९.७ | ५७०५४३२.० | २४.९ | ४७.६ |
| धनकुटा | ३६६२५७७.१ | ३८५१९७३.६ | १६.८ | ५.२ |
| संखुवासभा | २३७८३२२.१ | २६३५७८४.० | ११.५ | १०.८ |
| तेह्रथुम | २१६०८८७.३ | २५६५५१७.४ | ११.२ | १८.७ |
| भोजपुर | १४७७४००.८ | २१५९११५.० | ९.४ | ४६.१ |
| पाँचथर | २४७६६९४.३ | २०३१२५२ | ८.९ | -१८.० |
| ताप्लेजुङ | १२४३८९५.३ | १४५६१९५ | ६.४ | १७.१ |
| मोरङ | ५६४०५९.१ | ७७४३३५ | ३.४ | ३७.३ |
| खोटाङ | १०७६२५.४ | ५५१७५१ | २.४ | ४१२.७ |
| उदयपुर | ३३४४५३.७ | ३२७२२५ | १.४ | -२.२ |
| झापा | ३०८२२७.५ | २७३६८३ | १.२ | -११.२ |
| सोलुखुम्बु | २७३१३०.३ | २०६०४७ | ०.९ | -२४.६ |
| सुनसरी | २२७०९२.८ | १८१७५४ | ०.८ | -२०.० |
| ओखलढुङ्गा | १११९८८.६ | १५४९४९ | ०.७ | ३८.४ |
| **जम्मा** | **१९११९२३७४** | **२२८७५०१५** | **१००.०** | **१९.२** |

स्रोत: अध्ययन क्षेत्रका डिभिजन वन कार्यालय

## ३.४ सिँचाइ तथा मौसम

आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफल ८ लाख २५ हजार ५ सय ७६ हेक्टर रहेकोमा जम्मा ७ लाख १३ हजार ६ सय ६२ हेक्टर क्षेत्रफलमा मात्र खेती गरिएको छ। समीक्षा वर्षमा कोशी प्रदेशमा रहेको कुल खेतीयोग्य क्षेत्रफलमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी १४.२ प्रतिशत र ताप्लेजुङ जिल्लाको सबैभन्दा कम ३.३ प्रतिशत रहेको छ।

२०८० असार मसान्तसम्म कोशी प्रदेशको कुल ३ लाख ८ हजार ३ सय १४ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। जुन कुल खेतीयोग्य क्षेत्रफलको ३७.३ प्रतिशत हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल खेतीयोग्य क्षेत्रफलको ३६.७ प्रतिशत भागमा यस्तो सुविधा पुगेको थियो। कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सुनसरी जिल्लामा

सबैभन्दा बढी ८५.२ प्रतिशत र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम १ प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको छ ।

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा कोशी प्रदेशमा कुल सिञ्चित क्षेत्रफल १.७ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.३ प्रतिशतले बढेको थियो ।

**तालिका ३.७ : कोशी प्रदेशमा सिँचाइको जिल्लागत अवस्था**

| जिल्ला | कुल खेतीयोग्य क्षेत्रफल (हे.) | खेती गरिएको क्षेत्रफल (हे.) | कुल सिँचित क्षेत्रफल (हे.) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल (%) |
|---|---|---|---|---|
| सुनसरी | ८१७५६ | ७४३५३ | ६९६७२ | ८५.२ |
| उदयपुर | २८१६२ | २५७९४ | २०४०३ | ७२.४ |
| मोरङ | ११६९५६ | १०७५९९ | ७२४७७ | ६२.० |
| झापा | ९८७१६ | ९०००० | ५७७८० | ५८.५ |
| संखुवासभा | ३१५९६ | ३०५०० | १५३७३ | ४८.७ |
| ताप्लेजुङ | २७५११ | २२५०० | ११८०४ | ४२.९ |
| खोटाङ | ६६५९४ | ५६६०५ | १९१५२ | २८.८ |
| पाँचथर | ६०२५७ | ५१३९४ | १३६५४ | २२.७ |
| तेह्रथुम | ३७२८२ | ३०४३५ | ६९९३ | १८.८ |
| धनकुटा | ४०७२३ | ३९८९५ | ६५०६ | १६.० |
| इलाम | ६९३०० | ६३१५० | ९४३० | १३.६ |
| भोजपुर | ६२२९९ | ५६९३६ | ३५४४ | ५.७ |
| ओखलढुङ्गा | ५९०६६ | २३८७० | १००५ | १.७ |
| सोलुखुम्बु | ४५३५८ | ४०६३१ | ४३७ | १.० |
| **जम्मा** | **८२५५७६.३** | **७१३६६२** | **३०८२२९** | **३७.३** |

स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द र सिँचाई डिभिजन कार्यालय

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा कुल सिञ्चित क्षेत्रफलमध्ये कुलोबाट सिञ्चित क्षेत्रफल १.६ प्रतिशत, पोखरीबाट ८.४ प्रतिशत, नहरबाट १.७ प्रतिशत र बोरिङबाट १.३ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुलोबाट सिञ्चित क्षेत्रफल ३.९ प्रतिशत, पोखरीबाट ११.४ प्रतिशत, नहरबाट ०.८ प्रतिशत, र बोरिङबाट १ प्रतिशतले बढेको थियो ।

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफलमध्ये कुलोको योगदान ४३.४ प्रतिशत, नहरको योगदान ३९.६ प्रतिशत, बोरिङको योगदान १.१ प्रतिशत र पोखरीको योगदान १५.९ प्रतिशत रहेको छ ।

**चार्ट ३.४ : कोशी प्रदेशमा सिँचाइका स्रोतको अवस्था**




स्रोत: अध्ययन क्षेत्रका जलस्रोत तथा सिचाई डिभिजन कार्यालय

समीक्षा वर्षमा कुलो, नहर, पोखरी तथा बोरिङ्गले सिँचित क्षेत्रफलको वृद्धि भएपनि कुल सिँचित अंशमा यिनीहरुको अंश भने गत वर्षको अंशसँग समान रहेको देखिन्छ।

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८० असार मसान्तसम्ममा कोशी प्रदेशमा प्रवाहित कुल कर्जा प्रवाह मध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १०.९७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जाको अंश १० प्रतिशत रहेको थियो।

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा १२.२ प्रतिशतले वृद्धि भई रु.६१ अर्ब १९ करोड २६ लाख १० हजार पुगेको छ। २०७९ असार मसान्तसम्म यस क्षेत्रमा प्रवाह भएको कुल कर्जा रु.५४ अर्ब ५२ करोड २५ रहेको थियो।

२०८० असार मसान्तसम्ममा कृषि कर्जाका विभिन्न शीर्षकमध्ये अन्य कृषि तथा कृषिजन्य सेवामा ३०.५ प्रतिशत, पशुपालनमा २२ प्रतिशत, अन्नबालीमा १५.४ प्रतिशत, पंक्षीपालनमा ८.४ प्रतिशत र तरकारी बाली उत्पादनमा ५.७ प्रतिशत, चिया तथा कफीमा ४.१ प्रतिशत, अन्य नगदे बालीमा ३.१ प्रतिशत तथा माछापालन सम्बन्धि क्षेत्रमा २.४ प्रतिशत कर्जा प्रवाह भएको छ।

## तालिका ३.८ : कृषि कर्जाको क्षेत्रगत अवस्था

| क्षेत्र | असार मसान्तसम्म (रु.दश लाखमा) | | | प्रतिशत परिवर्तन | | कुल कर्जामा अंश |
|---|---|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०८० | २०७९ | २०८० | २०८० |
| अन्य कृषि तथा कृषिजन्य सेवा | १४८५६.९ | १३७०८.७ | १८६४२.६ | -७.७ | ३६.० | ३०.५ |
| पशुपालन/पशु बधशाला | ९८४९.१ | १३३६५.५ | १३४३९.४ | ३५.७ | ०.६ | २२.० |
| अन्न बाली | ७९९८.९ | ९९५६.८ | ९४२०.३ | २४.५ | -५.४ | १५.४ |
| पंक्षीपालन | ३५२४.५ | ४१९५.५ | ५१६५.८ | १९.० | २३.१ | ८.४ |
| तरकारी बाली | २८९१.६ | ३०६८.७ | ३४६१.४ | ६.१ | १२.८ | ५.७ |
| चिया/कफी | २२५३.५ | २६१२.२ | २५३१.२ | १५.९ | -३.१ | ४.१ |
| अन्य नगदे बाली | १५४९.१ | १६२९.८ | १९१३.६ | ५.२ | १७.४ | ३.१ |
| माछापालन सम्बन्धी | ८११.१ | ११४६.३ | १४८७.२ | ४१.३ | २९.७ | २.४ |
| कृषि सामाग्री भण्डारण | ०.० | ८३२.० | ११४६.६ | ०.० | ३७.८ | १.९ |
| फलफुल तथा पुष्पखेती | ३०५.८ | ७००.७ | ९४१.९ | १२९.१ | ३४.४ | १.५ |
| सनपाट | ८०७.० | १०९७.१ | ७९२.० | ३५.९ | -२७.८ | १.३ |
| मलखाद तथा किटनासक | ३८३.६ | ५६७.५ | ७१०.१ | ४७.९ | २५.१ | १.२ |
| वन | ३७०.१ | ६९४.५ | ६०१.० | ८७.७ | -१३.५ | १.० |
| अन्य | ६९०.६ | ९४७.३ | ९३९.७ | ३७.२ | -०.८ | १.५ |
| कुल | ४६२९२.० | ५४५२२.५ | ६११९२.६ | १७.८ | १२.२ | १००.० |

स्रोतः बैंक तथा वित्तीय संस्था नियमन विभाग।

यसैगरी, २०८० असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न शीर्षकहरुमा जिल्लागतरुपमा प्रवाहित कर्जामध्ये मोरङ जिल्लामा सबैभन्दा बढी रु.१९ अर्ब ९९ करोड ६० लाख (३२.७ प्रतिशत) र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम रु.३३ करोड ५ लाख (०.५ प्रतिशत) रहेको छ।

## चार्ट ३.५ : जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था




स्रोत : स्रोतः बैंक तथा वित्तीय संस्था नियमन विभाग

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### सम्भावना

*कृषि बाली*

- यस प्रदेशको झापा, मोरङ, सुनसरी जिल्लामा परीक्षण खेतीको रुपमा सुरुवात गरिएको **छरुवा धान खेती प्रणाली** सफल हुन सके यसबाट धान खेतीको लागत मूल्य तीव्र रुपमा कम हुन गई उच्च प्रतिफल प्राप्त हुने सम्भावना छ ।

- कूल गार्हस्थ्य उत्पादनमा मुख्य योगदान गर्ने धान खेतीमा SRI प्रविधि प्रयोग गर्नसके यसले धानको उत्पादन बढ्ने तथा कूल गार्हस्थ्य उत्पादनमा सकारात्मक योगदान गर्न सक्ने देखिन्छ ।

- यस प्रदेशको इलाम, पांचथर, धनकुटा, संखुवासभा जस्ता जिल्लाहरुमा क्रमिक रुपमा विस्तार हुँदै गएको व्यावसायिक किवी खेती, एभोकाडो, अकवरे खोर्सानी, रुद्राक्ष, मेकाडेनिया नट, कफी खेती व्यावसायले एकातिर स्थानिय स्तरमा रोजगारीको सृजना हुने सम्भावना देखिन्छ भने अर्कोतिर कृषिजन्य आयातलाई प्रतिस्थापन गर्ने सम्भावना रहन्छ ।

- इलामको कन्याम, धनकुटाको भेडेटार, तेह्रथुमको वसन्तपुर जस्ता सुन्दर पर्यटकीय स्थलहरु प्रशस्त रहेको यस प्रदेशमा कृषि पेशालाई पर्यटन व्यवसायसँग अन्तरआवद्धता गरी कृषि पर्यटनको विकास गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

- यस प्रदेशमा रहेको झापा, मोरङ, सुनसरी, उदयपुर, जिल्लाको हावापानी सुहाँउदो ड्रागन फल, हाईब्रिड मकै, केरा खेती, लङ ग्रेन धान, रवर खेती गरिएको क्षेत्रफल बढ्दै गएको कारण उत्पादन क्रमशः बढ्दै जाने सम्भावना देखिन्छ ।

- यस प्रदेशको मोरङमा अवस्थित केरावारी, लेटाङ, मिक्लाजुङ तथा धनकुटा र इलाम जिल्लाका विभिन्न स्थानमा सञ्चालित तरकारी खेतीलाई बजार सुनिश्चितता गर्न सके उत्पादनमा वृद्धि भई आन्तरिक मागको पूर्ति गर्दै छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिने सम्भावना छ ।

- यस प्रदेशमा सञ्चालनमा रहेका आर्गानिक टि उद्योगको उत्पादनलाई ब्राण्डिङ गरी अर्न्तराष्ट्रिय बजारमा निर्यात गर्न सकिने सम्भावना देखिन्छ ।

- वर्तमान समयमा क्रमिक रुपमा विस्तार हुदै गई रहेको प्लाई उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्तिस, सल्ला, चिलाउने , टिक, मसला, साल, सिसौ, जस्ता वन पैदावारको व्यावसायिक विस्तारले एकातिर यस प्रदेशको पर्यावरणमा अनुकुल असर पार्न सक्ने सम्भावना देखिन्छ भने अर्कोतिर काठ र फर्निचरजन्य उद्योगहरुलाई कच्चा पदार्थको आपुर्ति भई उद्योग र कृषिबीच अग्र र पृष्ठ सम्वन्ध स्थापना हुने सम्भावना देखिन्छ ।

- उद्योग-कृषक करार खेतीको अवधारणाको विकास र सञ्चालन गर्न आवश्यक नीतिगत व्यवस्था गर्न सके कृषिजन्य कच्चा पदार्थमा आत्मनिर्भर भई कृषिजन्य उद्योगहरुको दीगो विकास हुने सम्भावना देखिन्छ ।

- पहाडी क्षेत्रका बाँझो जमिनमा लोठ सल्ला, चिराइतो, टिमुर, चिडफिड, पाखनवेद, ठूलो ओखती र सुनाखरी फुल, हाड-जोडाको व्यवसायिक खेती गरी आयुर्वेदिक औषधीका लागि आवश्यक कच्चा पदार्थको आपूर्ति गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

- यस प्रदेशमा कृषि व्यवसायलाई आवश्यक पर्ने रासायनिक तथा प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग, कृषिजन्य उत्पादन भण्डारण गर्ने चिस्यान केन्द्र आदिको स्थापना हुन सके कृषि व्यवसायको उत्पादन र उत्पादकत्व बढ्न सक्ने सम्भावना देखिन्छ ।

- पूर्व-पश्चिम लोकमार्ग र हुलाकी राजमार्गको स्तरोन्नति, मध्य पहाडी लोकमार्ग, मदन भण्डारी राजमार्गका साथै मुख्य राजमार्गसँग जोडने अन्य सहायक मार्गहरुको तीव्र गतिमा भइरहेको निर्माणले सडक सञ्जालको विस्तार भई यस प्रदेशमा उत्पादन भएका कृषिजन्य उपज तथा तरकारी देशका विभिन्न स्थानहरुमा सहज आपुर्ति हुने सम्भावना रहेको देखिन्छ ।

***पशुपंक्षी तथा मत्स्यपालन***

- यस प्रदेशमा कृषि बाली तथा पशुधन बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सके व्यावसायिक कृषि तथा पशुपालन व्यवसायमा विद्यमान रहेको जोखिम न्यूनीकरण भई यस क्षेत्रमा आकर्षण बढने सम्भावना देखिन्छ ।

- यस प्रदेशमा रहेको चौरी पालन व्यवसायलाई प्रोत्साहन गरी दूध, घिउ र छुर्पीको नेपाली ब्राण्डिङ गर्न सके अर्न्तराष्ट्रिय बजारमा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

- कृषि र पशुपालन व्यवसायलाई एक अर्काका परिपुरक व्यवसायको रुपममा विकास गर्न आवश्यक नीतिगत सुधार, प्रर्वद्धनात्मक कार्यक्रम कार्यन्वयन गर्न सके किसानहरुको आयमा वृद्धि भई जीवन स्तरमा सुधार गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

- यस क्षेत्रमा सञ्चालनमा रहेका पोल्ट्री फार्म व्यवसाय, माछापालन व्यवसायलाई प्रोत्साहन गर्न सके छिमेकी मुलुक भारतबाट गैरकानुनी रुपमा भित्रने ब्रोइलर कुखुरा अण्डा र फर्मालिन हालेका मरेका माछा नियन्त्रित भई यस प्रदेशका जनताको जीवनस्तर तथा स्वास्थ्यमा सुधार हुने सम्भावना देखिन्छ ।

***सिँचाइ***

- पहाडी दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत विद्युत तथा सोलार सुविधाको पहुँच पुगेको र सदाबहार बहने नदीबाट विद्युत तथा सोलार मार्फत लिफ्टिङ प्रविधिको प्रयोग गरी सुख्खा जमिनमा समेत सिँचाई सुविधा पुग्नसके कोशी प्रदेशको समग्र कृषि बालीको उत्पादन वृद्धि गर्न सकिने ।

- सिँचाइमा खपत हुने विद्युत महसुलमा सहुलियत प्रदान गर्ने नीति कार्यान्वन हुन सके कृषि क्षेत्रमा उत्पादन लागत कम भई मुल्य प्रतिस्पर्धी हुने ।

- यस प्रदेशको अन्न भण्डारको रुपमा परिचित झापा, मोरङ र सुनसरी जिल्लाहरुमा ठुला सिँचाई परियोजना सञ्चालन तथा पहाडी जिल्लाहरुमा साना सिँचाई कार्यक्रम सञ्चालन गर्ने प्रादेशिक नीतिको कार्यान्वयन हुन सके कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढन सक्ने सम्भावना रहेको देखिन्छ ।

- यस प्रदेशमा अवस्थित निरन्तर रुपमा जल प्रवाह हुनसक्ने ठुला नदीनालाहरुको आपसपासमा जलासय निर्माण गरी सिँचाइ क्षेत्रको विस्तारका साथै जल यातायात, माछापालन, जल पर्यटन/मनोरञ्जन आदिको विकास गर्दै बहुआयामिक फाइदा लिन सकिने सम्भावना देखिन्छ ।

- पच्चिस वर्षे जलस्रोत रणनीति र राष्ट्रिय जल योजनाको समुचित कार्यान्यिन हुन सके यस प्रदेशको मौसमी खेती प्रणालीलाई  व्यवसायिक बनाउन सकिने सम्भावना रहेको देखिन्छ ।

- मोरङ सुनसरी सिचाँइ आयोजनाको क्षेत्र विस्तार गरी झापाका कृषि योग्य भूमिसम्म पुऱ्याउन सके यस प्रदेशको कुल गार्हस्थ उत्पादनमा वृद्धि हुन सक्ने सम्भावना देखिन्छ ।

**चुनौतीहरु**

- यस प्रदेशबाट रोजगारीका लागि विदेश पलायन भईरहेका युवाजनशक्तिलाई कृषि पेशामा आकर्षित गर्नु ।

- यस प्रदेशका पहाडी जिल्लाहरुमा श्रमशक्तिको अभाव भई खेतीयोग्य जमिन बाँझो रहनु तथा तराईको खेतीयोग्य जमिन अव्यवस्थित सहरीकरणका कारण खण्डीकरण हुदै जाने प्रवृत्तिलाई रोकथाम गर्न पहाड र तराईका जिल्लामा सन्तुलित विकासको नीति कार्यान्वयन गर्नु ।

- यस प्रदेशका सीमावर्ती नाकाहरुबाट गैर कानुनी रुपमा भित्रने कृषि तथा पशुपंक्षीजन्य उत्पादनलाई नियन्त्रण गरी आन्तरिक उत्पादनको न्युनतम समर्थन मुल्य तोक्नु ।

- सरकारद्धारा कृषि क्षेत्रको विकासका लागि वितरण गरिएको अनुदान कार्यक्रमलाई यर्थाथमुखी बनाउदै अनुदानलाई उत्पादनसँग आवद्ध गर्नु ।

- कृषि क्षेत्रको बाली बीमा कार्यक्रमलाई पूर्ण र व्यापक रुपमा कार्यान्वयन गर्ने तथा पशु बीमा कार्यक्रमको भुक्तानी प्रणालीलाई सरल र वास्तविक समयमा उपलब्ध हुने वातावरण सिर्जना गर्नु ।

- क्रमिक रुपमा विस्तार हुँदै गईरहेको व्यावसायिक किवि, एभोकाडो, मेकाडियन नट, ड्रागन फल, चिङफिङ आदिको उत्पादनलाई बजार सुनिश्चितता गरी व्यावसायमा निरन्तर रहिरहने वातावरण सिर्जना गर्नु ।

- यस प्रदेशको पहिचानको रुपमा रहेको आर्गानिक टि लाई आर्गानिक प्रमाणपत्र प्रदान गर्दै अर्न्तराष्ट्रिय रुपमा स्वीकार योग्य बनाई ब्राण्डिङ गर्नु ।

# परिच्छेद ४: उद्योग क्षेत्र

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन र रोजगारी

### *उद्योगको क्षमता उपयोग*

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशका नमूना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५१.१ प्रतिशत रहेको छ । अर्थिक वर्ष २०७८/७९ मा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ५२.६ प्रतिशत रहेको थियो । विशेष गरी तयारी तोरीको तेल, भट्मासको तेल, पशुदाना, चाउचाउ, सिमेन्ट, टायरका ट्युब, चप्पल, प्लाष्टिकका सामान जस्ता वस्तुहरु उत्पादन गर्ने उद्योगको क्षमता उपयोगमा कमी आएकाले उद्योगको औसत क्षमता उपयोगमा केही कमी आएको देखिन्छ ।

समीक्षा आर्थिक वर्षमा ईंटा उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९१.२ प्रतिशत रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ४.७ प्रतिशत रहेको छ । त्यसैगरी चाउचाउ, प्रशोसित चिया, पशुदाना, चप्पल र धागो उद्योगले ६० प्रतिशत भन्दा बढी क्षमता उपयोग गरेको देखिन्छ भने वनस्पती घिउ उद्योगको क्षमता उपयोग ५.० प्रतिशत भन्दा कमी रहेको छ ।

**चार्ट ४.१ : उद्योगको क्षमता उपयोगको अवस्था**




स्रोत: अध्ययन क्षेत्रका उद्योगहरु

कोशी प्रदेशका नमूना छनोटमा परेका उद्योगहरुको पछिल्लो पाँच वर्षको औसत क्षमता उपयोग ५४.७ प्रतिशत रहेको छ । नेपालबाट बढी परिमाणमा निर्यात हुने प्रशोधित चिया, तयारी कपडा उत्पादन गर्ने उद्योगहरु मध्ये चाउचाउ उत्पादन गर्ने उद्योगको विगत पाँच वर्षको क्षमता उपयोग बढी रहेको, तयारी कपडा उत्पादन गर्ने उद्योगहरुको क्षमता

उपयोगमा उतारचढाव आएको देखिन्छ भने अन्य वस्तु उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग निरन्तर घटिरहेको देखिन्छ ।

***उद्योगको उत्पादन***

आर्थिक वर्ष २०७९/८० मा यस अध्ययनमा समेटिएका उद्योगहरुको उत्पादनमध्ये ईँटाको उत्पादन सबैभन्दा बढी ३४२.५ प्रतिशतले बढेको छ भने भट्मासको तेलको उत्पादन सबैभन्दा बढी ५१.९ प्रतिशतले घटेको छ। विगत वर्षहरुमा ईटाको उत्पादन कम भई मौज्दात सकिएकाले समीक्षा आर्थिक वर्षमा ईटाको उत्पादन उल्लेखनिय मात्रामा बढेको देखिन्छ। गत वर्षहरुमा नेपालको बजार भन्दा भारतिय बजारमा उत्पादन लागत बढि भएका कारण नेपालबाट तेलहरु निर्यात भइरहेको तर समीक्षा वर्षमा भारतिय बजारको उत्पादन लागत कम भएका कारण नेपालमा उत्पादित तेल निर्यात गर्न नसकिने अवस्था भई तेलको उत्पादनमा कमी आई तेल उद्योगहरु महिनामा लगभग १० दिन मात्र संचालन हुदै आइरहेकोका कारण तेलहरुको उत्पादन घट्न गएको छ ।

**चार्ट ४.२ : उद्योगको उत्पादन वृद्धिदर अवस्था**




स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु

अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा टायर तथा ट्युबको उत्पादन ४९.३ प्रतिशत ,जुटका सामान ३५ प्रतिशत, तोरीको तेलको उत्पादन २६.३ प्रतिशत, पशुदानाको उत्पादन १९.७ प्रतिशत, प्लाष्टिक सामानको उत्पादन १७.१ प्रतिशत, कच्चा छालाको उत्पादन १५.८ प्रतिशत, चप्पलको उत्पादन १४.३ प्रतिशत, धातुका सामानको उत्पादन १३.५ प्रतिशत, बनस्पती घिउको उत्पादन १२.४ प्रतिशत, चाउचाउको उत्पादन ७.८ प्रतिशत घटेको छ भने चामलको उत्पादन ८८.४ प्रतिशत, जि.आइ.तारको उत्पादन ३०.३ प्रतिशत, कागजको उत्पादन ३० प्रतिशत, गार्मेन्टको उत्पादन २८.३ प्रतिशत, प्रशोधित दुधको उत्पादन २२.९ प्रतिशत, चिनिको उत्पादन २०.६ प्रतिशत, धागोको उत्पादन ११.७

प्रतिशत, प्रशोधित चियाको उत्पादन १०.७ प्रतिशत, विस्कुटको उत्पादन ६.७ प्रतिशतले बढेको छ । चामल उद्योगहरुमा भारतबाट धान आयातमा लागेको प्रतिबन्ध तथा निर्यातमा २० प्रतिशत निर्यात कर लाग्ने कारणबाट चामलको उत्पादन बढेको पाइएको छ भने बजारमा चिनीको माग अधिक भएका कारण उखु उत्पादकहरुको उत्पादन वृद्धि भएकोले चिनीको उत्पादन बढेको देखिन्छ ।

***औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था***

यस अध्ययनमा समेटिएका ठुला ४२ उद्योगहरुमा आर्थिक वर्ष २०७८/७९ मा कुल १७,२७० जना श्रमिक कार्यरत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा १७.८ प्रतिशत नयाँ श्रमिकले रोजगारी पाएर २०,३४४ जना कार्यरत रहेका छन् । आर्थिक वर्ष २०७८/७९ को तुलनामा कोशी प्रदेशका मोरङ, सुनसरी, झापा, इलाम र उदयपुर जिल्लामा रहेका उद्योगहरुमध्ये उदयपुरमा रहेका उद्योगमा ४० प्रतिशत र झापामा रहेका उद्योगमा ३ प्रतिशत श्रमिकले रोजगारी गुमाएका छन् भने सुनसरी र मोरङ जिल्लामा रहेका उद्योगमा क्रमशः २७.४ प्रतिशत र १०.२ प्रतिशत थप रोजगारी सिर्जना भएको छ ।

आर्थिक वर्ष २०७८/७९ को तुलनामा २०७९/८० मा टायर तथा ट्युव उत्पादन गर्ने उद्योगहरुमा सबैभन्दा बढी ४९ प्रतिशतले रोजगारी कटौती भएको छ भने चामल उत्पादन गर्ने उद्योगहरुमा सबैभन्दा बढी ८३.३३ प्रतिशतले रोजगारीमा वृद्धि भएको छ । त्यसैगरी, चप्पल उत्पादन गर्ने उद्योगमा ३४.३ प्रतिशत, चिनि उत्पादन गर्ने उद्योगमा ३३.३ प्रतिशत, सिमेन्ट उत्पादन गर्ने उद्योगमा ३१.५ प्रतिशत, गार्मेन्ट उत्पादन गर्ने उद्योगमा २५.७ प्रतिशत, साबुन उत्पादन गर्ने उद्योगमा १८ प्रतिशत, विस्कुट उत्पादन गर्ने उद्योगमा १२ प्रतिशतले रोजगारी कटौती भएको छ भने जुटका सामान उत्पादन गर्ने उद्योगमा ४१.३ प्रतिशत, बनस्पती घिउ तथा तेल उत्पादन गर्ने उद्योगमा ३६.४९ प्रतिशत, प्रशोधित दुध उत्पादन गर्ने उद्योगमा २५.६ प्रतिशत, पशुदाना उत्पादन गर्ने उद्योगमा २२.७ प्रतिशत रोजगारी थप भएको छ ।

**चार्ट ४.३ : औद्योगिक समूह अनुसार रोजगारीमा आएको परिवर्तन**




स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु

आ.व. २०७८/७९ मा कोशी प्रदेशको कुल औद्योगिक रोजगारीमा ६९.९ प्रतिशत पुरुष र ३०.१ प्रतिशत महिला कामदारको सहभागिता रहेकोमा समीक्षा वर्षमा कुल रोजगारीमा पुरुषको सहभागिता ७१.१ प्रतिशत र महिलाको सहभागिता २८.९ प्रतिशत रहेको छ ।

त्यसैगरी, आ.व.२०७८/७९ मा कोशी प्रदेशको कुल औद्योगिक रोजगारीमध्ये ९३.३ प्रतिशत स्वदेशी र ६.७ प्रतिशत विदेशी कामदारहरुले रोजगारी प्राप्त गरेका थिए भने समीक्षा वर्षमा कुल औद्योगिक रोजगारीमा स्वदेशी र विदेशी कामदारको सहभागिता क्रमशः ८३.२ प्रतिशत र १६.८ प्रतिशत रहेको छ। विशेष गरी फेब्रिकेटेड धातुका सामान समूह, गैरधातु खनिज जन्य उत्पादन समूह(इँटा र सिमेण्ट) र वनस्पति घिउ तथा तेल समूहका उद्योगहरुमा तुलनात्मक रुपमा अन्य समूहका उद्योगहरुमा भन्दा बढी अनुपातमा विदेशी कामदारहरुलाई रोजगारी प्रदान गरिएको छ। उद्योगको कुल श्रमिक संख्यामा जुटका सामान समूहका उद्योगमा कुल विदेशी कामदारको हिस्सा प्रतिशत ६२ प्रतिशत, धातु जन्य समूहमा १४.६ प्रतिशत, गैर धातुजन्य समूहमा ११.४ प्रतिशत र लता कपडा समूहमा ७ प्रतिशत रहेको छ।

**चार्ट ४.४ : स्वदेशी र विदेशी कामदारको अवस्था**




स्रोतः अध्ययन क्षेत्रमा समेटिएका उद्योगहरु

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा कुल औद्योगिक कर्जा ६.६४ प्रतिशतले बढेर रु.१ खर्ब २९ अर्व कायम भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त कर्जा १६.५ प्रतिशतले घटेको थियो। विशेष गरी आद्यौगिक कर्जाको ठुलो हिस्सा ओगट्ने गैर खाद्यबस्तु र कृषि, बन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा प्रवाह भएको कर्जा बढेकाले समग्र औद्योगिक कर्जा बढेको देखिन्छ। अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी १४.६८ प्रतिशतले बढेको छ भने धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योग लाई प्रवाहित कर्जा सबैभन्दा कम २.२१ प्रतिशतले बढेको छ। समीक्षा वर्षमा निर्माणजन्य वस्तुको मूल्य उच्च भएका कारण निर्माणसँग सम्बन्धित गतिविधि प्रभावित भई यस क्षेत्रमा प्रवाहित कर्जा घटेको देखिन्छ। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २३.१६ प्रतिशत रहेको छ। कुल औद्योगिक कर्जामध्ये गैरखाद्य वस्तु सम्बन्धी उद्योगर्फ सबैभन्दा बढी ५१.१० प्रतिशत र विद्युत, ग्यास तथा पानीतर्फ सबैभन्दा कम ०.४४ प्रतिशत कर्जा प्रवाह भएको छ।

### तालिका ४.१ : औद्योगिक कर्जाको क्षेत्रगत अवस्था

| सेवा क्षेत्र | कर्जा (रु. करोडमा) | | | वृद्धिदर | | औद्योगिक कर्जामा हिस्सा |
|---|---|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०८० | २०७९ | २०८० | २०८० |
| खानी सम्बन्धी | १७१.६ | १५१.७ | ७६.९४ | -११.६ | -४९.२८ | ०.६० |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ३३३३.५ | ३७९८.२ | ४३५५.५९ | १३.९ | १४.६८ | ३३.७२ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ५६६१.३ | ६१५१.० | ६६०१.०५ | ८.६ | ७.३२ | ५१.१० |
| निर्माण | ४४८१.६ | ११७५.३ | १०६४.९९ | -७३.८ | -९.३९ | ८.२४ |
| विद्युत, ग्यास तथा पानी | १३६.५ | ९१.४ | ५६.६५ | -३३.१ | -३८.०२ | ०.४४ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | ७२५.२ | ७४६.२ | ७६२.७२ | २.९ | २.२१ | ५.९० |
| **कुल औद्योगिक क्षेत्र कर्जा** | **१४,५०९.८** | **१२,११३.८** | **१२९१७.९३** | **-१६.५** | **६.६४** | **१००.०** |

स्रोत : नेपाल राष्ट्र बैंक

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

**सम्भावनाहरु**

- नेपालमा उत्पादन भएको चिया भारतमा उच्चमात्रामा निर्यात भईरहेको देखिन्छ । भारत लगायत तेस्रो मुलुकका सम्बन्धित देशहरुको मापदण्डहरुलाई पुरा गरी निर्यात गर्न सके बढि लाभ लिन सकिने ।

- कृषि तथा वनजन्य उत्पादनहरु अलैंची, अम्रिसो, लोक्ता जस्ता कच्चा पदार्थलाई आधार मानेर कागज उद्योग स्थापना र सञ्चालन गरी विदेशी कागज आयातमा कटौती गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न सकिने ।

- यस प्रदेशका तीन जिल्लाहरुमा धानको उत्पादन अधिक हुनु र बाँकी जिल्लाहरुमा पनि धानको उत्पादन वृद्धि भइरहेको देखिन्छ । भारत सरकारले समय समयमा चामलको आयतमा प्रतिबन्ध लगाउने गरेकोले नेपाली बजारमा चामलको बजार प्रभावित हुने हुदाँ चामल उद्योगहरुको क्षमता अभिवृद्धि गर्न सके बजार विस्तारको सम्भावना ।

- भारत वा तेस्रो मुलुकबाट कच्चा पदार्थ पैठारी तथा तयारी वस्तुको निकासी गर्नका लागि भारतीय सीमा नाकासम्म पहुँच सहज भएकाले यस प्रदेशमा उद्योगको विकास र विस्तार गरी रोजगारीको अवसर सृजना/वृद्धि गर्न सकिने ।

- उद्योग क्षेत्रमा विद्युतको आपूर्तिलाई नियमित तथा विद्युत महसुलमा सहुलियत दिई उद्योग क्षेत्रको उत्पादनमा वृद्धि गर्न सके लागतमा कमी आई उद्योगहरुको प्रतिस्पर्धि क्षमता वृद्धि हुने ।

- भित्रि मधेश र पहाडी जिल्लाहरुमा रहेका वनबाट काठको उत्पादनमा वृद्धि भएको हुदाँ मधेशका जिल्लाहरुमा भेनियर उद्योगहरुको स्थापना बढे सगै सोको बजारीकरण विस्तार गर्न सके भारत लगायत तेस्रो मुलुकमा निर्यात बढाउन सकिने ।

- भित्रि मधेश र पहाडी जिल्लाहरुमा रहेका वनबाट जडिबुटिहरुको पहिचान गरी जडिबुटिमा आधारित उद्योग, कलकारखाना स्थापना गरी रोजगारी सृजना गर्न सकिने ।

- उखुको उत्पादनलाई वृद्धि गरी उखु किसानहरुले आफ्नो उत्पादनको उचित मूल्य पाउने गरी वातावरण सृजना भए तथा चिनी उद्योगहरुको क्षमता अभिवृद्धि गर्न सके देशमा चिनीको आपूर्तिलाई सहज बनाउन सकिने र बेला बेला चिनीको अभाव हुने अवस्थामा कमी ल्याउन सकिने ।
- यस प्रदेशका अधिकांश जिल्लाहरुमा यातायात सहज भएकाले पहाडी र हिमाली भेगमा उत्पादन हुने चिज, छुर्पि, पनिर लगायतका दुग्धजन्य पदार्थको उत्पादन गर्ने उद्योगको स्थापना गर्न सके बजारको विस्तार गर्न सकिने ।

**चुनौतीहरु**

- यस प्रदेशका जग्गाजमिनको मूल्य अत्याधिक वृद्धिका कारण उद्योग व्यवसाय सञ्चालनका लागि जग्गा प्राप्ती गर्नु ।
- बैंक तथा वित्तीय संस्थावाट प्रवाह हुने कर्जाको व्याजदरको उतारचढावले उत्पादन लागतमा वृद्धि भई प्रतिस्पर्धात्मक लाभ प्राप्त गरी उद्योग सञ्चालन गर्नु ।
- नेपालमा नै उत्पादन हुने कतिपय बस्तुहरुका लागि आवश्यक संकलन केन्द्र तथा शीत भण्डार जस्ता आवश्यक पूर्वाधारहरुको अभाव भई बस्तुको आपूर्तिमा समस्या देखिएकाले सो क्षेत्रको विकासमा लगानीको वातावरण बनाई आपूर्तिलाई नियमित गर्नु ।
- नेपाली श्रमशक्ति वैदेशिक रोजगारमा जाने क्रम यथावत रहेकाले देश भित्रका उद्योगहरुमा दक्ष जनशक्तिको आपूर्तिलाई टिकाई राख्नु र उद्योगी तथा श्रमिक बीचको सम्बन्धलाई मजबुत बनाउनुका साथै अदक्ष कामदारलाई उद्योग क्षेत्रमा दिगोरुपमा टिकाई राख्नु ।
- उद्योगका लागि आवश्यक कृषि उपजहरुको उत्पादनलाई बढवा दिई कच्चापदार्थका लागि भारतसगँको परनिर्भरता कम गर्नु ।
- कबाडीका रुपमा संकलन गरिएका औद्योगिक कच्चा पदार्थ अवैध रुपमा भारततर्फ निकासी हुने गरेकोले खुला सिमाना व्यवस्थित गरी उक्त कच्चा पदार्थ नेपालकै उद्योगले प्राप्त गर्ने अवस्था सृजना गर्नु ।
- नेपाली युवा श्रमशक्तिहरु वैदेशिक रोजगारमा आकर्षित भइरहेकोले उनिहरुलाई देशका उद्योगहरुमा लगानी गर्न सहज वातावरण तयार गरिदिनु ।

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

### *होटल तथा लज**

- कोभिड-१९ महामारीबाट अति प्रभावित क्षेत्रको रुपमा रहेको पर्यटन क्षेत्र आर्थिक वर्ष २०७८/७९ मा पुनरुत्थानको अवस्थामा रहेकोमा आ.व.२०७९/८० मा आन्तरिक पर्यटनमा वृद्धि भएका कारण चलायमान भएको देखिन्छ । पर्यटकस्तरीय होटल व्यवसायको कारोवार समीक्षा अवधिमा धार्मिक तथा मनोरञ्जन गर्ने उद्देश्यले भ्रमण गर्ने आन्तरिक पर्यटकको संख्यामा वृद्धि भएता पनि बाह्य पर्यटकको संख्यामा भने कमी आएको देखिन्छ । विशेष गरी चीन तथा अन्य मुलुकबाट आउने बाह्य पर्यटकको संख्यामा उल्लेख्यमात्रामा कमी आएको छ भने भारतबाट आउने बाह्य पर्यटकको संख्या समीक्षा अवधिमा बढेको देखिन्छ ।

- आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा होटलहरुको औसत अकुपेन्सी दर ३६.८ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको तुलनामा १.५ प्रतिशतले बढेको देखिएको छ । अघिल्लो आर्थिक वर्षमा उक्त होटलहरुको औसत अकुपेन्सी दर ३५.३ प्रतिशत रहेको थियो ।

- आर्थिक वर्ष २०७९/८० मा होटलको शैया संख्या अघिल्लो वर्षको तुलनामा ०.९ प्रतिशतले बढेको छ ।

- समीक्षा वर्षमा यस प्रदेशका होटलहरुमा आन्तरिक पर्यटकको संख्या ६२.९ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ४८.१ प्रतिशतले बढेको थियो ।

- समीक्षा वर्षमा यस प्रदेशका होटलहरुमा बाह्य पर्यटक आगमन संख्या अघिल्लो वर्षको तुलनामा ७.३ प्रतिशतले कमी आएको छ ।  कोरोना महामारीको प्रभाव कम भएसँगै विदेशी पर्यटकको आगमन अघिल्लो वर्ष ३०८.३ प्रतिशत वृद्धि भएको र सोहि बमोजिमकै संख्यामा बाह्य पर्यटकहरुको आवगमन भएको देखिन्छ ।

- समीक्षा वर्षमा भित्रिएका विदेशी पर्यटकहरु मध्ये भारतबाट ९०.८० प्रतिशत, चीनबाट ४.२० प्रतिशत र तेस्रो मुलुकबाट ५ प्रतिशत रहेका छन् ।

- आर्थिक वर्ष २०७८/७९ को तुलनामा समीक्षा वर्षमा भारतबाट आउने पर्यटकको संख्या ४.५ प्रतिशतले बढेको छ भने चीनबाट आउने पर्यटकको संख्या ४४.७ प्रतिशत र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या ६२.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतवाट आउने पर्यटकको संख्या ५४१.५ प्रतिशत, चीनबाट आउने पर्यटकको संख्या १३६.६ प्रतिशत र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या ३८.३ प्रतिशतले बढेको थियो । भारतिय पर्यटकहरुमा आवागमन सहज भएसँगै धार्मिक तथा मनोरञ्जन गर्ने उद्देश्यले यस प्रदेशको भ्रमण गर्ने भारतीय पर्यटकको संख्यामा वृद्धि भएको देखिन्छ ।

- अघिल्लो वर्षको तुलनामा समीक्षा आर्थिक वर्षमा पर्यटकस्तरीय होटलमा २.१ प्रतिशतले रोजगारी गुमाएका छन् । अघिल्लो वर्षको सोही अवधिमा थप ५१.२ प्रतिशतले रोजगारी पाएका थिए । कोभिड १९ का कारण आ.ब.२०७७।७८

मा होटल व्यवसायमा ठुलो मात्रामा रोजागारी कटौती भएको तथा आ.ब.२०७८।७९ मा होटल व्यवसाय सामान्य अवस्थामा फर्किएकाले रोजगारीमा वृद्धि भएको देखिन्छ ।

### *हवाई सेवा*[×]

आ.व. २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा समग्र जहाज उडान संख्या ४३.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षमा उक्त संख्या १२४.२ प्रतिशतले बढेको थियो । त्यसैगरी, अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा कोशी प्रदेशका विमानस्थलबाट उडान भर्ने यात्रुको संख्या ८.७ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष उक्त यात्रु संख्या १२०.८ प्रतिशतले बढेको थियो ।

आर्थिक वर्ष २०७८/७९ मा कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न नेपाल सरकारले गरेको बन्दाबन्दी तथा निषेधाज्ञा समाप्ति पछिको सहज परिस्थीतिका कारण जहाज उडान गर्ने कम्पनीको संख्या, उडान संख्या तथा यात्रु संख्या बढेकोमा समीक्षा वर्षमा स्थलमार्गहरुमा आएको सहजता तथा हवाई यातयातमा भएको भाडा वृद्धिले अघिल्लो वर्षको अनुपातमा उडान यात्रुको संख्या घटेको देखिएको छ ।

**तालिका ५.१ : कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था**

| विवरण | आर्थिक वर्ष | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० |
| **हवाई जहाजको उडान संख्या** | | | | | |
| आगमन संख्या | ८४५२ | १८९४४ | २७३६३ | १२४.१ | ४४.४ |
| निर्गमन संख्या | ८४४७ | १८९५१ | २७०७५ | १२४.४ | ४२.९ |
| **जम्मा जहाज उडान संख्या** | **१६८९९** | **३७८९५** | **५४४३८** | **१२४.२** | ४३.७ |
| **यात्रु संख्या** | | | | | |
| आगमन संख्या | २९४४३४ | ६३१८०६ | ५६८९०५ | ११४.६ | -१०.० |
| निर्गमन संख्या | २९३१४० | ६६५५०८ | ६१५५०१ | १२७.० | -७.५ |
| **समग्र यात्रु संख्या** | **५८७५७४** | **१२९७३१४** | **११८४४०६** | **१२०.८** | **-८.७** |

*स्रोत: नेपाल नागरिक उड्ययन प्राधिकरण*

कोशी प्रदेशमा रहेका १५ वटा आन्तरिक विमानस्थलमध्ये हाल १० वटा विमानस्थल सञ्चालनमा रहेका छन् । सोलुखुम्बु जिल्लाको स्याङबोचे र काङगेलडाँडा विमानस्थल, ओखलढुङ्गाको खिजी चण्डेश्वरी र रुम्जाटार विमानस्थल र खोटाङको लामिडाँडा विमानस्थल गरी कुल ५ वटा विमानस्थलहरु हाल सञ्चालनमा रहेका छैनन् । **(अनुसूची-३)**

*×यस प्रदेशका नियमित हवाई उडान हुने र धेरै यात्रु आवतजावत गर्ने ३ वटा विमानस्थल : विराटनगर विमानस्थल, भद्रपुर विमानस्थल र लुक्ला विमानस्थललाई नमूना छनोट गरी प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा गरिएको विश्लेषण ।*

***लगानी, सुविधा र सेवाको स्तरका आधारमा नमूना छनोट गरिएका यस प्रदेशका १० वटा पर्यटकस्तरीय होटेल (होटल होलिडे होम (झापा), ह्यारिसन होटल (विराटनगर), विग होटल (विराटनगर), होटल एसियाटिक (विराटनगर), होराइजन रिसोर्ट (हिले), रत्ना होटल (विराटनगर), समिट होटल (इलाम), होटल एभरेष्ट भ्यु (सोलुखुम्बु) र होटल मानस्वी (झापा) बाट प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा गरिएको विश्लेषण ।***

## स्काइ वाक इलाम

आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक गतिविधि अध्ययन सर्वेक्षणका क्रममा कोशी प्रदेशका विभिन्न स्थानहरुको स्थलगत अवलोकन सर्वेक्षण गरिएको थियो । उक्त सर्वेक्षणका क्रममा इलाम जिल्लाको सुर्योदय नगरपालिका वार्ड नं. ७ डुँडे गैरा स्थित कन्याम क्लाउड प्रा.लि. मा गई स्थलगत सर्वेक्षण गरिएको थियो । वि.स. २०७९ कात्तिक १७ गते निर्माण सम्पन्न भई कात्तिक २८ गतेबाट व्यावसायिक कारोबार शुरु गरेको उक्त स्काइ वाक हाल कन्याम तथा इलाम स्थित सानो पाथिभरा मन्दिर घुम्न आउने आन्तरिक तथा भारतिय पर्यटकका लागि आकर्षणको केन्द्र बन्ने गरेको छ । उक्त प्रा.लि. ले स्काइ वाकका साथै स्काइ रेष्टुरेण्ट समेत सञ्चालनमा ल्याएको छ । हालसम्म स्काइ वाक र रेष्टुरेण्टमा गरी बैंकको ऋण १ करोड सहित कुल ३ करोड लगानी भैसकेको छ भने स्विङ तथा बन्जी जम्पको निमार्ण कार्य भैरहेको छ । स्काइ टावर तथा रेष्टुरेण्टमा गरी उक्त प्रा.लि.ले ९ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ । स्काइ वाकका लागि सर्वसाधरणको रु.३००।-, विद्यार्थी, स्थानियवासी, ८ जना वा सो भन्दा बढीको समुहमा आउनेको तथा सत्तरी वर्ष माथिका उमेर समुहको रु.२५०।- शुल्क निर्धारण गरिएको छ भने अपाङ्गता भएका व्यक्तिहरुले शुल्क तिनुपर्दैन । वर्न्डस नेपालको प्राविधिक सहयोगमा बनेको स्काइ वाक टावर ३ स्टेपमा बनेको छ । दुईवटा स्टेप चढेर माथि पुगेपछि ३ लियर सिसा जडान गरिएको उक्त टावरमा एक पटकमा २२ जनासम्मले हिड्ने क्षमता रहेको छ भने १५ मिनेटसम्म टावरमा समय बिताउन सकिन्छ । सिजनमा एकैदिन सर्वाधिक ७४० जनासम्म र औसतमा दैनिक १०० जनाले  स्काइ वाक टावर चढ्ने गरेको पाइयो । उक्त टावरबाट दृश्यालोकन गर्न आउने पर्यटकहरुबाट अप्रत्यक्ष रुपमा स्थानिय होटल तथा व्यवसाय सञ्चालकहरु समेत लाभान्वित हुने गरेको पाइयो । मौसम खुलेको बेला टावरबाट पूर्वी नेपालका १६ जिल्ला, कन्याम वरिपरिको चिया बगान, कञ्चनजंगा हिमाल, भारतको दार्जिलिङ तथा सिलिगुढी सम्मको दृश्य देख्न सकिने भएकोले आन्तरिक तथा भारतिय पर्यटकलाई थप आकर्षित गर्न सके यस क्षेत्रको पर्यटन विकासमा सहयोग पुग्ने देखिन्छ ।





स्रोत: स्थलगत सर्वेक्षण

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

आर्थिक वर्ष २०७८/७९ को तुलनामा समीक्षा आर्थिक वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या ३६.६ प्रतिशतले घटेको छ भने घरजग्गा रजिष्ट्रेशन बापतको राजस्वमा २१.६ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ५६ करोड संकलन भएको छ। अघिल्लो आर्थिक वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या १२.७ प्रतिशतले बढेको थियो भने रजिष्ट्रेशन बापतको राजश्व ३७.४ प्रतिशतले कमी भई रु.३ अर्ब ७६ करोड संकलन भएको थियो।

समीक्षा आर्थिक वर्षमा सरकारले भू-उपयोग नियमावली २०७९ जारी गरी जग्गाको वर्गीकरण गरेर मात्र कित्ताकाट गर्नुपर्ने व्यवस्था लागू गरेपश्चात् जग्गाको कित्ताकाटमा रोक लगाएको थियो। समीक्षा आर्थिक वर्षको अन्त्य तिर मात्र अधिकांश स्थानिय तहहरुले भू-उपयोग नियमावली २०७९ अनुसार जग्गाको बर्गीकरण गरी जग्गाको कित्ताकाट सुचारु गरेकाले घर जग्गा रजिष्ट्रेशनको संख्यामा कमी आएको देखिन्छ। मालपोत कार्यालयहरुमा Public Access Module (PAM) लागु भई जग्गाको खरिद विक्रीवाट राजश्वमा हुने चुहावटमा कमी आउनुका साथै मालपोत कार्यालयले जारी गर्ने घर जग्गाको मुल्यांकनमा भएको वृद्धिका कारणले घर जग्गाको रजिष्ट्रेशन राजश्वमा वृद्धि भएको देखिन्छ।

**चार्ट ५.१ : घरजग्गा कारोवारको अवस्था**




समीक्षा वर्षमा घर/भवन स्थायी नक्सा पास संख्या ३६.६ प्रतिशतले घटेको छ। अघिल्ला वर्ष यस्तो संख्या ०.४ प्रतिशतले बढेको थियो। जिल्लागत आधारमा ओखलढुङ्गा जिल्लामा घर नक्सापास सबैभन्दा बढी २५.७ प्रतिशतले बढेको छ भने तेह्रथुम जिल्लामा सबैभन्दा बढी सत प्रतिशतले घटेको छ। समीक्षा वर्षमा घर जग्गा कारोबारमा आएको गिरावट र निर्माणका लागि प्रयोग हुने सामग्रीहरुको मूल्य वृद्धि उच्च रहेको तथा बैंकहरुको कर्जाको औसत ब्याजदर समेत वृद्धि भएकाले अघिल्लो वर्षको तुलनामा घर नक्सापास संख्या घटेको देखिएको छ।

**तालिका ५.२ : घरजग्गा रजिष्ट्रेशन, राजश्व र स्थायी नक्सा पासको जिल्लागत अवस्था (आ.व.२०७९/८०)**

| जिल्ला | घरजग्गा रजिष्ट्रेशन २०७९/८० | | घर/भवन स्थायी नक्सा पास २०७९/८० | | रजिष्ट्रेसन राजश्व | |
|---|---|---|---|---|---|---|
| | संख्या (हजारमा) | वृद्धिदर | संख्या | वृद्धिदर | रकम (रु.दश लाख) | वृद्धिदर |
| ताप्लेजुङ्ग | १०५२ | १०.३ | ३ | -५०.० | ३०.९ | १७२.७ |
| संखुवासभा | २००० | -३.८ | १२ | -८३.८ | ४३.८ | २७.३ |
| सोलुखुम्बु | ८७३ | -१.० | ५ | -७८.३ | ३४.५ | ७४.४ |
| ओखलढुङ्गा | १४०८ | -४.९ | ४४ | २५.७ | २४.९ | ४२.३ |
| खोटाङ | १११२ | -१६.८ | २० | ५.३ | १८.५ | १३.० |
| भोजपुर | १०१५ | -२९.१ | १८ | ०.० | २८.७ | २५.५ |
| धनकुटा | १८८४ | -९.३ | ७६ | १८.८ | ४०.० | ४९.३ |
| तेह्रथुम | ५५३ | -१७.१ | ० | -१००.० | ११.६ | ५२.५ |
| पाँचथर | १५१० | १७.७ | ५ | -५८.३ | ३०.७ | ८६.६ |
| ईलाम | २८५९ | ०.१ | ६९ | ०.० | ९३.६ | ६६.२ |
| झापा | ३००९३ | -११.३ | १०७७ | -४९.८ | १०५०.६ | २७.७ |
| मोरङ्ग | ३९०९९ | -१०.३ | १५३७ | -१२.९ | १६०६.९ | १३.७ |
| सुनसरी | २७१९१ | -१७.५ | १२४१ | -४५.३ | १३१७.८ | १६.८ |
| उदयपुर | ६२११ | -२.६ | २६४ | -३२.१ | २३२.५ | ४४.३ |
| **जम्मा** | **११६,८६०.०** | **-११.४** | **४,३७१.०** | **-३६.६** | **४५६५.१** | **२१.६** |

स्रोतः अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंक तथा वित्तीय संस्थाका शाखा संख्या

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त वित्तीय संस्थाका गरी थप ६ शाखा विस्तार भएका छन् । अघिल्लो आर्थिक वर्षमा १४४ शाखा विस्तार भएका थिए । २०८० असार मसान्तमा यस प्रदेशमा वाणिज्य बैंकका ७६१, विकास बैंकका १९४, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका ८७१ गरी जम्मा १,८६३ शाखा पुगेका छन् । यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी ४५५ र ताप्लेजुङमा सबैभन्दा कम ३८ शाखा रहेका छन् ।

**तालिका : ५.३ कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**

| बैंक तथा वित्तीय संस्था | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०८० असार मसान्त |
|---|---|---|---|
| वाणिज्य बैंक | ७२८ | ७६३ | ७६२ |
| विकास बैंक | १७७ | १९४ | १९४ |
| वित्त कम्पनी | २५ | ३२ | ३६ |
| लघुवित्त वित्तीय संस्था | ७८३ | ८६८ | ८७१ |
| **जम्मा शाखा संख्या** | **१७१३** | **१८५७** | **१८६३** |

स्रोत : नेपाल राष्ट्र बैंक

### ५.३.२ निक्षेप तथा कर्जा स्थिति

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन १५ प्रतिशतले वृद्धि भई रु.४ खर्ब २१ अर्ब पुगेको छ । सर्वसाधारणमा बचत गर्ने बानीमा आएको सुधार, रेमिट्यान्स आप्रवाह, विद्युतीय कारोवारमा भएको वृद्धि, तथा बैकिङ सेवा विस्तार भएकाले निक्षेप परिचालन बढेको देखिन्छ । कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेप मध्ये झापा, मोरङ र सुनसरीको हिस्सा ७७.३ प्रतिशत रहेको छ भने अन्य जिल्लाको २२.७ प्रतिशत रहेको छ । जिल्लागत निक्षेप संकलनको आधारमा मोरङ जिल्लाको योगदान सबैभन्दा बढी ३१.५ प्रतिशत र तेह्रथुम जिल्लाको सबैभन्दा कम १.२ प्रतिशत योगदान रहेको छ ।

**तालिका ५.४ : कोशी प्रदेशका जिल्लाहरुमा निक्षेप परिचालनको स्थिति**

| जिल्ला | निक्षेप (रु. करोडमा) | | | वृद्धिदर(%) | | जिल्लागत योगदान(%) |
|---|---|---|---|---|---|---|
| | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०८० असार मसान्त | २०७९ | २०८० | २०८० |
| ताप्लेजुङ | ५५३.३ | ५६०.६ | ६५३.२ | १.३ | १६.५ | १.५ |
| संखुवासभा | ५९४.० | ६२०.० | ८६४.० | ४.४ | ३९.४ | २.० |
| सोलुखुम्बु | ६४६.६ | ७०४.५ | ८६३.८ | ९.० | २२.६ | २.० |
| ओखलढुङ्गा | ५६८.५ | ५५०.९ | ६१४.५ | -३.१ | ११.५ | १.५ |
| खोटाङ | ५८६.८ | ६२०.१ | ६८०.४ | ५.७ | ९.७ | १.६ |
| भोजपुर | ४५८.३ | ४८१.८ | ५६०.६५ | ५.१ | १६.४ | १.३ |
| धनकुटा | ८७३.४ | ८९९.९ | ९९४.० | ३.० | १०.५ | २.४ |
| तेह्रथुम | ४७२.४ | ४७९.६ | ५१३.८ | १.५ | ७.१ | १.२ |
| पाँचथर | ६८१.० | ६९०.३ | ७९६.१ | १.४ | १५.३ | १.९ |
| इलाम | १३८८.३ | १४४३.० | १६३१.४ | ३.९ | १३.१ | ३.९ |
| झापा | ७५४३.१ | ७८०६.४ | ९२३२.६ | ३.५ | १८.३ | २१.९ |
| मोरङ | १०९६५.१ | ११६८२.२ | १३२७९.१ | ६.५ | १३.७ | ३१.५ |
| सुनसरी | ८१०४.३ | ८८३१.८ | १००५७.२ | ९.० | १३.९ | २३.९ |
| उदयपुर | १२१५.० | १२९७.३ | १४११.५ | ६.८ | ८.८ | ३.३ |
| **जम्मा** | **३४६५०.१** | **३६६६८.५** | **४२१५२.२** | **५.८** | **१५.०** | **१००.०** |

स्रोत : नेपाल राष्ट्र बैंक

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २.५ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ५७ अर्ब पुगेको छ। २०८० असार मसान्तसम्म प्रवाहित कुल कर्जामध्ये कृषि कर्जाको हिस्सा १०.९७ प्रतिशत, औद्योगिक कर्जाको हिस्सा २३.१६ प्रतिशत र सेवा क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा ६५.८६ प्रतिशत रहेको छ। २०७९ असार

**तालिका ५.५ : क्षेत्रगत कर्जाको अंश (प्रतिशत)**

| विवरण | २०७८ असार | २०७९ असार | २०८० असार |
|---|---|---|---|
| कुल कृषि कर्जा | ९.८ | १०.० | १०.९७ |
| कुल औद्योगिक कर्जा | ३०.६ | २२.३ | २३.१६ |
| कुल सेवा कर्जा | ५९.७ | ६७.७ | ६५.८६ |

स्रोतः नेपाल राष्ट्र बैंक

मसान्तमा कृषि कर्जाको हिस्सा १० प्रतिशत, औद्योगिक क्षेत्रको हिस्सा २२.३ प्रतिशत र सेवा क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा ६७.७ प्रतिशत रहेको थियो । कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामध्ये झापा, मोरङ र सुनसरीमा प्रवाहित कर्जाको हिस्सा ८८.६ प्रतिशत रहेको छ भने अन्य जिल्लाको ११.४ प्रतिशत रहेको छ । जिल्लागत कर्जा प्रवाहको आधारमा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी ४२.४ प्रतिशत र ताप्लेजुङ, खोटाङ तथा तेह्रथुम जिल्लाको हिस्सा सबैभन्दा कम क्रमशः ०.५ प्रतिशत रहेको छ ।

**तालिका ५.६ : कोशी प्रदेशका जिल्लाहरुमा कर्जा प्रवाहको स्थिति**

| जिल्ला | कर्जा (रु. करोडमा) | | | वृद्धिदर (%) | | जिल्लागत हिस्सा (%) |
|---|---|---|---|---|---|---|
| | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०८० असार मसान्त | २०७९ | २०८० | २०८० |
| ताप्लेजुङ | २२५.५ | २६०.५ | २६०.२ | १५.५ | -०.१ | ०.५ |
| संखुवासभा | ५७४.३ | ६२३.३ | ५८८.५ | ८.५ | -५.६ | १.१ |
| सोलुखुम्बु | २८१.२ | ३२८.५ | ३२०.६ | १६.८ | -२.४ | ०.६ |
| ओखलढुङ्गा | ४३९.७ | ५०८.१ | ५०५.१ | १५.६ | -०.६ | ०.९ |
| खोटाङ | २५१.८ | ३०१.५ | २९९.१ | १९.७ | -०.८ | ०.५ |
| भोजपुर | ३१८.९ | ३६२.५ | ३२८.१ | १३.७ | -९.५ | ०.६ |
| धनकुटा | ५८४.५ | ६८३.५ | ६५४.४ | १६.९ | -४.२ | १.२ |
| तेह्रथुम | २६०.८ | २८७.३ | २८२.८ | १०.२ | -१.६ | ०.५ |
| पाँचथर | ४२३.९ | ४८७.६ | ४५८.९ | १५.० | -५.९ | ०.८ |
| इलाम | १००२.६ | १०५५.० | १०६३.३ | ५.२ | ०.८ | १.९ |
| झापा | ११२९२.१ | १२९३४.४ | १२९५१.३ | १४.५ | ०.१ | २३.२ |
| मोरङ | २०६४१.१ | २२८५८.७ | २३६३५.५ | १०.७ | ३.४ | ४२.४ |
| सुनसरी | १०४०५.५ | १२०९१.७ | १२८०७.९ | १६.२ | ५.९ | २३.० |
| उदयपुर | १३६२.७ | १६१६.९ | १६१२.५ | १८.७ | -०.३ | २.९ |
| **जम्मा** | **४८०६४.७** | **५४३९९.६** | **५५७६८.३** | **१३.२** | **२.५** | **१००.०** |

स्रोत : नेपाल राष्ट्र बैंक

२०७९ असार मसान्तमा कोशी प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाको कर्जा निक्षेप अनुपात (CD Ratio) १४८.४ प्रतिशत रहेकोमा २०८० असार मसान्तमा यस्तो अनुपात १३२.३० प्रतिशत रहेको छ । समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुको Cost of Fund मा भएको वृद्धिका कारण कर्जाको व्याजदर वृद्धि भई मागमा कमी आएका कारण अघिल्ला वर्षको तुलनामा कर्जा विस्तार केही सुस्त देखिएको छ ।

### चार्ट ५.२ : कर्जा तथा निक्षेपको स्थिति




स्रोत : नेपाल राष्ट्र बैंक

### ५.३.३ अन्य वित्तीय विवरण

२०८० असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ८.२ प्रतिशत, बचत निक्षेपको अंश ३९.६२ प्रतिशत, मुद्दती निक्षेपको अंश ४६.३३ प्रतिशत र अन्य निक्षेपको अंश ५.८५ प्रतिशत रहेको छ। २०७९ असार मसान्तमा कुल निक्षेपमा चल्ती निक्षेपको अंश ९.५१ प्रतिशत, बचत निक्षेपको अंश ४१.४५ प्रतिशत, मुद्दती निक्षेपको अंश ४२.३३ प्रतिशत र अन्य निक्षेपको अंश ६.७१ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा चल्ती निक्षेप ०.९ प्रतिशतले घटेको तथा  बचत, मुद्दती र अन्य निक्षेपको रकम क्रमश: ९.९ प्रतिशत, २५.८ प्रतिशत र ०.२ प्रतिशतले बढेको छ।

**तालिका ५.७ : कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना**

| निक्षेप | कर्जा (रु.करोडमा) | | | वृद्धिदर (प्रतिशत) | | कुल निक्षेपमा योगदान (%) |
|---|---|---|---|---|---|---|
| | २०७८ असार मसान्तसम्म | २०७९ असार मसान्तसम्म | २०८० असार मसान्तसम्म | २०७९ | २०८० | २०८० |
| **कुल निक्षेप** | **३४,६५०.१** | **३६,६६८.५** | ४२१५२.१८ | **५.८** | **१५** | **१००.०** |
| चल्ती | ३,७२७.१ | ३,४८७.३ | ३४५५.५१ | -६.४ | -०.९ | ८.२० |
| बचत | १७,१९२.२ | १५,२००.३ | १६७००.३७ | -११.६ | ९.९ | ३९.६२ |
| मुद्दती | ११,०४७.१ | १५,५२०.१ | १९५३०.८४ | ४०.५ | २५.८ | ४६.३३ |
| अन्य | २,६८३.७ | २,४६०.८ | २४६५.४२ | -८.३ | ०.२ | ५.८५ |

स्रोत : नेपाल राष्ट्र बैंक

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा यस प्रदेशको निक्षेपकर्ताको संख्या १३.९ प्रतिशत वृद्धि भई ६८ लाख ८३ हजार ६ सय ८८ पुगेको छ भने ऋणीहरुको संख्यामा अघिल्लो वर्षको तुलनामा ४.६ प्रतिशतले कमी भई २ लाख ९४ हजार ७२५ पुगेको छ। २०७९ असार मसान्तमा निक्षेपकर्ताको संख्या ६० लाख ४२ हजार ९५१ र ऋणीहरुको संख्या ३ लाख ८ हजार ८९७ रहेको थियो।

**तालिका ५.८ : कुल कर्जाको तुलनामा हिस्सा (प्रतिशत)**

| विवरण | २०७८ असार | २०७९ असार | २०८० असार |
|---|---|---|---|
| विपन्न वर्ग कर्जा | ८.५ | ८.७ | ८.२५ |
| पुनरकर्जा | २.२ | २.४ | ०.९७ |
| सहुलियतपूर्ण कर्जा | ५.६ | ६.६ | ५.८१ |

स्रोत : नेपाल राष्ट्र बैंक

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा विपन्न वर्ग कर्जा २.३ प्रतिशतले कमी भई रु.४६ अर्ब ०२ करोड पुगेको छ। २०७९ असार मसान्तमा उक्त कर्जा रु.४७ अर्ब ११ करोड रहेको थियो। २०८० असार मसान्तसम्म कुल कर्जाको तुलनामा विपन्न वर्ग कर्जाको हिस्सा ८.२५ प्रतिशत रहेको छ।

२०८० असार मसान्तमा कोशी प्रदेशमा कुल एटिएम संख्या ६२९ पुगेको छ। यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी १७६ वटा एटिएम रहेका छन् भने खोटाङ जिल्लामा सबैभन्दा कम ८ वटा एटिएम रहेका छन्।

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा पुनरकर्जाको बक्यौता ५८.४ प्रतिशतले कमी आई रु.५ अर्ब ४३ करोड पुगेको छ। २०७९ असार मसान्तमा उक्त कर्जाको बक्यौता रु.१३ अर्ब ३ करोड रहेको थियो। २०८० असार मसान्तसम्म कुल कर्जाको तुलनामा पुनरकर्जाको हिस्सा ०.९७ प्रतिशत रहेको छ।

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा सहुलियतपूर्ण कर्जा १० प्रतिशतले कमी आई रु.३२ अर्ब ४३ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्ष उक्त कर्जा ३४.९ प्रतिशतले बढेको थियो। २०८० असार मसान्तसम्म कुल कर्जाको तुलनामा सहुलियतर्पूण कर्जाको हिस्सा ५.८१ प्रतिशत रहेको छ। २०८० असार मसान्तसम्म यस प्रदेशमा प्रवाहित सहुलियत पूर्णकर्जामध्ये व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जा शीर्षकमा सबैभन्दा बढी ६७.५३ प्रतिशत तथा महिला उद्यमशील कर्जा शीर्षकमा ३१.९० प्रतिशत कर्जा बक्यौता रहेको छ भने अन्य शिर्षकमा नगन्य मात्रामा कर्जाको बक्यौता रहेको छ।

**तालिका ५.९ : कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण**

| क्र.सं. | सहुलियतपुर्ण कर्जाको प्रकार | कर्जा रकम (रु. दश लाखमा) | हिस्सा |
|---|---|---|---|
| १ | कपडा उद्योग सञ्चालनका लागि कर्जा | ४५.०५ | ०.१४ |
| २ | CTEVT बाट मान्यता प्राप्त संस्थाबाट दिइने तालिम | ०.०० | ०.०० |
| ३ | दलित समुदाय व्यवसाय विकास कर्जा | ४३.३० | ०.१३ |
| ४ | भुकम्प प्रभावित निजी आवास निर्माण कर्जा | ३.३१ | ०.०१ |
| ५ | शिक्षित युवा स्वरोजगार कर्जा | २.८२ | ०.०१ |
| ६ | विदेशवाट फर्कका युवा परियोजना कर्जा | ८८.१० | ०.२७ |
| ७ | उच्च र प्राविधिक/व्यवसायीक शैक्षिक कर्जा | १.४८ | ०.०० |
| ८ | व्यवसायीक कृषि तथा पशुपंक्षी कर्जा | २१९००.३७ | ६७.५३ |
| ९ | महिला उद्यमशील कर्जा | १०३४३.८५ | ३१.९० |
| १० | युवावर्ग स्वरोजगार कर्जा | ०.०० | ०.०० |
| | **जम्मा** | **३६,०१९.९** | **१००.००** |

स्रोत : नेपाल राष्ट्र बैंक

### ५.३.४ सहकारी क्षेत्र $

- २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा सहकारी संस्थाको कुल पुँजी २.१ प्रतिशतले बढेको छ। २०७९ असार मसान्तमा सहकारी संस्थाको पुँजी १२.७ प्रतिशतले वृद्धि भएको थियो।
- २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा सहकारीको कुल बचत ६.८ प्रतिशत बढेको छ भने कुल कर्जा ४.८ प्रतिशतले घटेको छ। २०७९ असार मसान्तमा सहकारीको बचत १३.८ प्रतिशत र कर्जा २३.५ प्रतिशतले बढेको थियो।
- २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा सहकारी संस्थाको सदस्य संख्या ७.४ प्रतिशत र कर्मचारी संख्या ४.९ प्रतिशतले बढेको छ। २०७९ असार मसान्तमा सहकारी संस्थाको सदस्य संख्या १६.४ प्रतिशत र कर्मचारी संख्या २३.३ प्रतिशतले बढेको थियो।
- सहकारी संस्थामा बैंक तथा वित्तीय संस्थाको तुलनामा निक्षेपमा बढी ब्याज पाइने, र कर्जा लिने प्रक्रिया छोटो भएकाले बचत गर्न तथा ऋण लिन सर्वसाधारणको आकर्षण बढेको भए पनि पछिल्ला आर्थिक वर्षहरुमा बैंक तथा वित्तीय संस्थाहरुको शाखामा भएको विस्तारसँगै सहकारीप्रतिको विश्वसनियता घट्दो क्रममा रहेको देखिन्छ।

**चार्ट ५.३ : सहकारीको पुँजी, बचत र ऋण लगानीको वृद्धिदर (प्रतिशतमा)**




$ यस प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा दर्ता भएका बचत तथा ऋण सहकारी संस्थामध्ये ऋण लगानीका आधारमा नमुना छनोट गरिएका कोशी प्रदेशका १० ठुला बचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा गरिएको विश्लेषण।

### ५.३.५ फण्ड ट्रान्सफर

आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशका १४ जिल्लामा रहेका १६ वटा नोटकोषमध्ये खोटाङ र उदयपुर जिल्लामा रहेका २ वटा नोटकोषमा क्रमशः जनकपुर कार्यालयबाट रु.६० करोड र ३ अर्व ८५ करोड तथा ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा रहेका २ वटा नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट क्रमशः रु. ३५ करोड र रु.३० करोड तथा मोरङ जिल्ला बाहेकका अन्य ९ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर) मा रहेका ११ वटा नोटकोषमा विराटनगर कार्यालयबाट रु.१९ अर्ब २८ करोड गरी कुल रु.२४ अर्ब ३८ करोड फण्ड ट्रान्सफर भएको छ । अघिल्ला वर्षको सोही अवधिमा रु.२६ अर्ब ५४ करोडको फण्ड ट्रान्सफर भएको थियो । समीक्षा अवधिमा सबैभन्दा बढी झापा जिल्लामा ५ अर्ब ८८ करोड र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा ३० करोड फण्ड ट्रान्सफर भएको छ ।

**तालिका ५.१० : नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको अवस्था**

| जिल्ला | फण्ड ट्रान्सफरको रकम (रु. करोडमा) | | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| | आ.व. २०७७/७८ (साउन-असार) | आ.व. २०७८/७९ (साउन-असार) | आ.व. २०७९/८० (साउन-असार) | |
| ताप्लेजुङ | १३०.०० | १०३.०० | ११३.०० | ९.७ |
| संखुवासभा | २१०.०० | १९०.०० | २७०.०० | ४२.१ |
| सोलुखुम्बु | २५० | ९०.०० | ३०.०० | -६६.७ |
| ओखलढुङ्गा | १२० | ७०.०० | ३५.०० | -५०.० |
| खोटाङ | १५०.०० | ९०.०० | ६०.०० | -३३.३ |
| भोजपुर | ९०.०० | १२०.०० | ९७.०० | -१९.२ |
| धनकुटा | २३५.०० | १८०.०० | १४३.०० | -२०.६ |
| तेह्रथुम | १००.०० | ८०.०० | ९७.०० | २१.३ |
| पाँचथर | १६५.०० | १११.०० | १४४.०० | २९.७ |
| इलाम | ३१०.०० | २२०.०० | २११.०० | -४.१ |
| झापा | ८५५.०० | ६६५.०० | ५८८.०० | -११.६ |
| मोरङ | - | - | - | |
| सुनसरी | ५००.०० | ३८५.०० | २६५.०० | -३१.२ |
| उदयपुर | ४४० | ३५०.०० | ३८५.०० | १०.० |
| **जम्मा** | **३५५५.००** | **२६५४.००** | **२४३८.००** | **-८.१** |

श्रोत : नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय तथा मुद्रा व्यवस्थापन विभाग, काठमाडौं ।

### ५.३.६ विदेशी विनिमय

२०८० असार मसान्तसम्म कोशी प्रदेशमा नेपाल राष्ट्र बैंकबाट ६१ मनिचेञ्जर, ४ होटल, १ ट्रेकिङ एजेन्सी र १ अन्य गरी ६७ एजेन्सीहरुले विदेशी मुद्रा सटहीको इजाजतपत्र प्राप्त गरेका छन् ।

आर्थिक वर्ष २०७९/८० मा यस कार्यालयले रु.२८ करोड २५ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद गरेको छ । खरिद गरिएका परिवर्त्य विदेशी मुद्राहरुमध्ये रु.१६ करोड २९ लाख बराबरको अमेरिकी डलर, रु.२ करोड २३ लाख बराबरको युरो र रु.९ करोड ७३ लाख बराबरका अन्य विदेशी मुद्रा रहेका छन् ।

समीक्षा वर्षमा अमेरिकी डलरको खरिद ४.० प्रतिशतले, युरो तथा अन्य मुद्राको खरिदमा क्रमशः २७.४ प्रतिशत र १५.७ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस बैंकले रु.३१ करोड ५८ लाख बराबरको विदेशी मुद्रा खरिद गरेको थियो।

समीक्षा वर्षमा विदेशी पर्यटकको आवागमनमा कमी आएको देखिएको तथा अन्य रोजगार गन्तव्य मुलुकहरुबाट रोजगार गुमाई फर्कने कामदारको संख्यामा भएको वृद्धिका कारण विदेशी मुद्राको खरिद घटेको देखिन्छ।

**तालिका ५.११ : परिवर्त्य विदेशी मुद्रा खरिद विवरण (रु.करोडमा)**

| मुद्रा | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० |
| अमेरिकी डलर | १८.९२ | १६.९६ | १६.२९ |
| यूरो | २.७० | ३.०७ | २.२३ |
| अन्य | १०.८८ | ११.५४ | ९.७३ |
| जम्मा | ३२.५० | ३१.५८ | २८.२५ |

स्रोत : नेपाल राष्ट्र बैंक

## ५.४ यातायात तथा सञ्चार

### ५.४.१ यातायात

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तसम्म यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या ३.९ प्रतिशतले वृद्धि भई ८ लाख ०३ हजार ६ सय ९९ पुगेको छ। यसमध्ये मोटरसाईकलको संख्या ३.६ प्रतिशतले वृद्धि भई ६ लाख ६९ हजार ७ सय २० र अन्य सवारी साधनको संख्या ५.७ प्रतिशतले वृद्धि भई १ लाख ३३ हजार ९ सय ७९ पुगेको छ। २०८० असार मसान्तसम्म यस प्रदेशका १४ वटा जिल्लाहरुमध्ये सुनसरी, मोरङ, झापा, इलाम, उदयपुर, धनकुटा र ओखलढुङ्गा गरी ७ जिल्लाहरुबाट सवारी साधन दर्ता हुने कार्य हुँदै आएको छ भने दर्ता भएका सवारी साधनमध्ये सबैभन्दा बढी ७४.७८ प्रतिशत सवारी साधन सुनसरी जिल्लामा दर्ता भएको देखिन्छ।

**चार्ट ५.४ : यातायातका साधनको संख्या**




स्रोतः यातायात व्यवस्था कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय

### ५.४.२ सञ्चार

समीक्षा आर्थिक वर्षको अन्त्यमा कोशी प्रदेशमा कुल वितरित टेलिफोन संख्या ४८ लाख २७ हजार ६ सय ७६ पुगेको छ । अघिल्लो आर्थिक वर्षको असार मसान्तमा यो संख्या ४८ लाख २७ हजार ५ सय ३९ रहेको थियो । त्यसैगरी, इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या ८.३ प्रतिशतले वृद्धि भई ४० हजार २९ पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या ११.३ प्रतिशतले बढको थियो । टेलिफोन सेवा प्रदायकहरुले लामो समयावधि सम्म संचालनमा नरहेका सिमकार्डहरुलाई recycle गरेकाले समीक्षा वर्षमा वितरित टेलिफोनको संख्या नगन्य मात्रामा मात्र बढेको देखिएको छ ।

**चार्ट ५.५ : कुल वितरित टेलिफोनको जिल्लागत अवस्था**




स्रोत : नेपाल टेलिकम र एनसेल प्रा.लि.

## ५.५ शिक्षा तथा स्वास्थ्य

### ५.५.१ शिक्षा

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा कोशी प्रदेशमा सरकारी/सामुदायिक विद्यालय, संस्थागत/निजी र प्राविधिक शिक्षालयको समग्रमा कुल संख्या ८ वटा बढेर ७,०८१ विद्यालय सञ्चालनमा रहेका छन् । आर्थिक वर्ष २०७९/८० मा सरकारी/सामुदायिक विद्यालयको संख्या ८ वटा, प्राविधिक शिक्षालयको संख्या ६ वटा बढेको छ भने संस्थागत/निजी विद्यालयको संख्या ६ वटा घटेको छ । २०८० असार मसान्तसम्म ५,३४८ वटा सरकारी, १,६२९ वटा निजी र १०४ वटा प्राविधिक शिक्षालय सञ्चालनमा रहेका छन् ।

समीक्षा आर्थिक वर्षमा कोशी प्रदेशमा रहेका विद्यालयहरुमा अध्ययनरत कुल विद्यार्थी संख्या ०.१६ प्रतिशतले वृद्धि भई १३ लाख २४ हजार ६ सय १६ पुगेको छ । अघिल्लो आर्थिक वर्ष यो संख्या ०.०३ प्रतिशतले बढेको थियो । सरकारी

तथा सामुदायिक क्षेत्रका विद्यालयमा ३.० प्रतिशतले विद्यार्थी संख्या घटेको देखिन्छ भने निजी क्षेत्रका विद्यालयमा ७.० प्रतिशतले बढेको देखिन्छ ।

समीक्षा आर्थिक वर्षमा यस प्रदेशका सरकारी, निजी र प्राविधिक विद्यालयमा कार्यरत कुल शिक्षकको संख्या १,४५३ ले घटेर कुल शिक्षक संख्या ४३,०८६ रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ४४,५३९ रहेको थियो ।

**तालिका ५.१२ : सरकारी तथा निजी विद्यालयमा विद्यार्थी संख्याको अवस्था**

| विवरण | असार मसान्त | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०८० | २०७९ | २०८० |
| विद्यालय संख्या | ७,१२८ | ७०७३ | ७,०८१ | -०.७७ | ०.११ |
| विद्यार्थी संख्या | १,३२२,०७६ | १,३२२,४४५ | १,३२४,६१६ | ०.०३ | ०.१६ |
| शिक्षक संख्या | ४६,७९७ | ४४,५३९ | ४३,०८६ | -४.८ | -३.२६ |

स्रोत : शिक्षा विकास तथा समन्वय इकाई

### ५.५.२ स्वास्थ्य

२०८० असार मसान्तसम्म कोशी प्रदेशमा सरकारी र निजी गरी कुल अस्पताल संख्या १६४ रहेका छन् । २०७९ असार मसान्तमा यस्ता अस्पतालको संख्या १५८ रहेको थियो ।

२०८० असार मसान्तमा कोशी प्रदेशमा निजी र सरकारी अस्पतालमा कार्यरत चिकित्सकको कुल संख्या २.६९ प्रतिशतले वृद्धि भई १,६४४ पुगेको छ । २०७९ असार मसान्तमा उक्त संख्या १,६०१ रहेको थियो ।

२०८० असार मसान्तमा सरकारी र निजी अस्पतालको शैया संख्या २.६६ प्रतिशले बढेर ६,७१५ वटा कायम भएका छन् । २०७९ असार मसान्तमा यस्तो संख्या ६,५४१ वटा रहेको थियो । सरकारी तथा सामुदायिक अस्पतालहरुको विस्तार सगैं शैयाको संख्या बढेको देखिएको छ ।

**तालिका ५.१३ : कोशी प्रदेशमा अस्पताल संख्या, चिकित्सक संख्या र कुल शैया संख्या**

| विवरण | असार मसान्त | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०८० | २०७९ | २०८० |
| सरकारी/सामुदायिक अस्पताल | ४५ | ५६ | ६२ | २४.४ | १०.७ |
| निजी अस्पताल | १०१ | १०२ | १०२ | १.० | ० |
| कुल चिकित्सक संख्या | ११९० | १६०१ | १६४४ | ३४.५ | २.६९ |
| कुल शैया संख्या | ६६९६ | ६५४१ | ६७१५ | -२.३ | २.६६ |

स्रोत : जिल्लास्थित स्वास्थ्य कार्यालय

## ५.६ सेवा क्षेत्र कर्जा

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ०.२८ प्रतिशतले कमी भई रु.३ खर्ब ६७ अर्ब पुगेको छ । अघिल्ला वर्षको सोही अवधिमा यस्तो कर्जा ३०

प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ६५.८६ प्रतिशत रहेको छ । २०८० असार मसान्तसम्म कुल सेवा कर्जामध्ये वित्त, बीमा तथा अचल सम्पत्ति कर्जा सबैभन्दा बढी ७२.१४ प्रतिशतले वृद्धि भएको छ भने अन्य कर्जा सबैभन्दा बढी ३७.१५ प्रतिशतले घटेको छ । २०८० असार मसान्तसम्म कुल सेवा कर्जा मध्ये थोक तथा खुद्रा व्यापार शीर्षकमा सबैभन्दा बढी ३५.९७ प्रतिशत र अन्य सेवा शीर्षकमा सबैभन्दा कम १ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**तालिका ५.१४ : सेवा क्षेत्र कर्जाको क्षेत्रगत अवस्था**

| सेवा क्षेत्र | कर्जा (रु. करोडमा) | | | वृद्धिदर | | कुल सेवा कर्जामा हिस्सा |
|---|---|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०८० | २०७९ | २०८० | २०७९ |
| यातायात, भण्डारण र सञ्चार | ८१६.४ | ८६१.३ | ७७७.३९ | ५.५ | -९.७४ | २.१२ |
| थोक तथा खुद्रा विक्रेता | ११४५४.५ | १२८९३.४ | १३२११.२० | १२.६ | २.४६ | ३५.९७ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | २९९३.४ | २२७९.९ | ३९२४.५६ | -२३.८ | ७२.१४ | १०.६८ |
| पर्यटन | ११७०.१ | ११६९.६ | १२०८.८० | ०.० | ३.३५ | ३.२९ |
| अन्य सेवा | १२४४.४ | ३४४.६ | ३६७.५५ | -७२.३ | ६.६६ | १.०० |
| उपभोग्य कर्जा | २४२५.१ | १०५३८.९ | ११७४४.९९ | ३३४.६ | ११.४४ | ३१.९८ |
| अन्य | ८२२०.७ | ८७४५.७ | ५४९६.६१ | ६.४ | -३७.१५ | १४.९६ |
| **कुल सेवा कर्जा** | **२८,३२४.६** | **३६,८३३.५** | **३६७३१.१०** | **३०.०** | **-०.२८** | **१००** |

स्रोत : नेपाल राष्ट्र बैंक

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

### चुनौती

- आर्थिक विकासको प्रमुख मेरुदण्डको रुपमा रहेको पर्यटन क्षेत्रको विकास गर्न पर्यटन विकास बोर्ड, हवाई कम्पनी, ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, नेपाल पर्वतारोहण संघ, होटल व्यवसायी तथा अन्य सम्बन्धित निकायहरु बीच आवश्यक समन्वय गरी आन्तरिक र बाह्य पर्यटकलाई अझ बढी आकर्षित गर्नु ।

- कोशी प्रदेश अन्तर्गतका जिल्लाहरु आफैंमा भौगोलिक विविधतायुक्त भएकोले यस प्रदेशमा भ्रमणमा आउने आन्तरिक तथा बाह्य पर्यटकहरुको भौगोलिक, धार्मिक, सांस्कृतिक विविधताको अध्ययन गरी पर्यटकको रुची/रहनसहन अनुसारको पर्यटन पूर्वाधार विकास गर्न सामुदायिक तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था गरी समग्र पर्यटकहरुको संख्या वृद्धि तथा बसाई अवधि लम्ब्याउनु ।

- विशेषतः शहर केन्द्रित हालको बैंकिङ्ग सेवालाई समावेशी बैंकिङ्गको अवधारणा अनुसार बैंकिङ्ग सेवा नपुगेका ग्रामीण र दुर्गम क्षेत्रमा विस्तार गरी सर्वसाधारणको पहुँच वृद्धि तथा राज्यको प्राथमिकता प्राप्त क्षेत्रहरुमा स्वतः स्फूर्त लगानी प्रोत्साहन गर्नु तथा लगानीको वातावरण श्रृजना गर्नु ।

- आम नागरिकको सरकारी विद्यालयप्रतिको नकारात्मक दृष्टिकोण, सरकारी विद्यालयको खस्किदो शिक्षाको गुणस्तर, शिक्षा क्षेत्रमा बढदो व्यवसायीकरण, व्यवस्थापकीय क्षमताको कमी, निजी क्षेत्रका विद्यालयको महंगो शुल्क, अतिरिक्त क्रियाकलापको नाममा बढ्दो शूल्क र शिक्षामा भएको ठूलो लगानीलाई व्यवस्थित गर्दै निजी, सरकारी र सामुदायिक विद्यालयहरु बीचको शिक्षाको गुणस्तरको खाडललाई कमी गर्दै यी तीन प्रकारकै शिक्षण संस्थाहरुमा विद्यार्थीहरुको समानुपातिक वितरण हुनसक्ने वातावरण निर्माण गर्नु तथा उक्त संस्थाहरुमा विद्यार्थीहरुले पाउनुपर्ने गुणस्तरिय शिक्षाको सुनिश्चितता गराउनु ।

- आन्तरिक तथा वाह्य पर्यटकहरुको आगमन संख्यालाई पर्याप्त हुने गरी विभिन्न यातायातका साधन लगायत स्वदेशमा भित्रिने पर्यटकको मागबमोजिम विभिन्न यातायातका साधनको उपलब्धता, सुरक्षित यात्राको सुनिश्चितता साथै, हवाई यातायातका साधनहरुको व्यवस्थापन तथा विमानस्थलहरुलाई जुनसुकै समयमा पनि प्रयोग गर्न सकिने स्थितिमा राख्ने व्यवस्था गराउनु ।

- वास्तविक कारोवार मूल्य भन्दा कम मूल्याङ्कन देखाई घरजग्गा कारोबार गर्दा सरकारी राजश्व संकलनमा ह्रास आएको परिप्रेक्ष्यमा घरजग्गाको वास्तविक कारोबार मूल्य उल्लेख गर्नुपर्ने प्रणालीको विकास गर्दै जग्गाको मूल्य पारदर्शी बनाई, बैना गरी अस्वभाविक रुपमा जग्गाको मूल्य बढाउने कार्यमा रोक लगाई सोही अनुसारको राजश्व संकलन गर्नु ।

- हालको धित्तोमुखी बैंकिङ प्रणालीलाई परियोजना तथा नगद प्रवाहमुखी बनाई, परियोजनाहरुको क्रेडिट रेटिङ्ग गर्ने तथा प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाहको सुनिश्चितता, तथा जुन प्रयोजनको लागि कर्जा लिइएको हो सोहि प्रयोजनमा कर्जा रकमको प्रयोग गर्ने परिपाटी श्रृजना गर्नु ।

**सम्भावना**

- यस प्रदेशमा रहेका आँखा अस्पतालहरुमा आँखा उपचार गर्न छिमेकी मुलुक भारतबाट ठुलो संख्यामा विरामीहरु आउने गरेको सन्दर्भमा स्वास्थ्य सम्बन्धि दक्ष जनशक्तिको उत्पादन बढ्दै गएको साथै भौतिक पूर्वाधार समेतको विकास र विस्तार हुँदै गएकोले विदेशी नागरिक लक्षित विविध विशेषज्ञतायुक्त अस्पताल, प्राकृतिक तथा आरोग्य उपचार केन्द्र तथा योग, ध्यान तथा स्वास्थसँग सम्बन्धित् स्वदेशमा उपलब्ध विशिष्ट जडिबुटी प्रशोधन तथा उत्पादन गरी उपचार गर्ने पद्धतिको उपचार केन्द्रहरुको स्थापना गरी स्वास्थ्य पर्यटनको विकास गर्न सकिने ।

- यस प्रदेशमा रहेका धार्मिक तथा प्राकृतिक पर्यटकीय गन्तव्यहरुमा सुविधा सम्पन्न होटल तथा लजहरु निर्माण/सञ्चालन, मनोरञ्जनका लागि आउने पर्यटकका लागि घोषणा गरिएका पदमार्गहरुको स्तरीकरण गर्न सके, स्थानिय उत्पादनका हस्तकला, काष्ठकला, परिकारको गुणस्तरिय बस्तु तथा सेवा प्रदान गर्ने व्यवस्था मिलाए पर्यटकको बसाई अवधि लम्ब्याउन तथा पर्यटकले गर्ने खर्च बढाउन सकिने ।

- छिमेकी देश भारतसँग रहन-सहन, भाषा संस्कृति, वातावरण आदिमा खासै भिन्नता नहुनु, भारतीय नागरिकलाई सीमा वारपार गर्न कुनै अवरोध नहुनु र भारतीय मुद्राको सापेक्षिक मूल्य बढी भएका कारण भारतीय विद्यार्थीको यस प्रदेशमा जीवन यापन र शिक्षाको खर्च मितव्ययी हुनेहुँदा र यस प्रदेशका धरान, विराटनगर, काँकडभिट्टा, पशुपतिनगर जस्ता शहरहरुबाट भारतीय सीमा नाका नजिक भएकाले उक्त स्थानमा अत्याधुनिक सुविधासम्पन्न मेडिकल कलेज,

शिक्षण संस्थाहरु, तालिम केन्द्र लगायतका संरचना तथा पूर्वाधारहरु तयार गर्न सके शिक्षा, स्वास्थको माध्यमबाट भारतीय मुद्रा आर्जन गर्न सकिने ।

- ऐतिहासिक, धार्मिक, साँस्कृतिक, भौगोलिक, साहसिक महत्वका स्थलहरुको पहिचान, समुचित प्रर्वद्धन, विकास तथा प्रचारप्रसारका साथै पर्यटन पूर्वाधार विकासमा प्रदेश सरकार तथा स्थानीय तहले उच्च प्राथमिकताका साथ बजेट विनियोजन गर्ने गरेकोले आगामी दिनमा पर्यटन क्षेत्र यस प्रदेशको अर्थतन्त्रको मुख्य सम्वाहक हुन सक्ने ।
- यस प्रदेशमा भईरहेको घरजग्गा कारोबारमा वास्तविक कारोबार मूल्य देखाउने प्रणालीको विकास गर्न सकेमा तथा विचौलियाहरुले घरजग्गा कारोबारमा गर्ने चलखेल कम गर्न सके सरकारको राजस्व संकलनमा वृद्धि गर्न सकिने ।
- प्रदेशका सबै स्थानीय तहमा कम्तीमा एउटा बैंक तथा वित्तीय संस्थाको विस्तार भएसँगै वित्तीय सेवामा सर्वसाधारणको पहुँच तथा वित्तीय सेवाको प्रयोग बढ्दै गएकोले आर्थिक क्रियाकलापहरु बढ्न गई अनौपचारिक अर्थतन्त्रको हिस्सा कम हुदैं जाने ।
- नेपाल भारत बीच क्युआर कोड मार्फत वित्तीय कारोबार गर्न सक्ने युनिफाइड पेमेन्ट्स इन्टरफेस लागु गर्ने तयारी भइरहेकोले आगामी दिनमा भारतीय नागरिकले नेपालमा बालेट र मोवाइल बैंकिङको माध्यमवाट क्युआर स्क्यान गरी डिजिटल भुक्तानी गर्न सक्ने भएकाले पर्यटन क्षेत्रमा यसको सकारात्मक प्रभाव पर्ने ।

# परिच्छेद ६: पूर्वाधार र रोजगार

## ६.१ पूर्वाधार क्षेत्र

२०७९ असार मसान्तसम्म कोशी प्रदेशमा सञ्चालित एक मे.वा. वा सो भन्दा बढी क्षमता भएका ३५ वटा जलविद्युत आयोजनाको कुल जलविद्युत उत्पादन क्षमता ३०२.७ मे. वा. रहेकोमा आर्थिक वर्ष २०७९/८० मा १४५.१ मे.वा. उत्पादन क्षमता भएका ७ वटा विद्युत आयोजनाहरुको निर्माण कार्य सम्पन्न भई राष्ट्रिय प्रसारण लाइनमा जोडिएसँगै यस प्रदेशको कुल विद्युत उत्पादन क्षमता ४४७.८ मे.वा. पुगेको छ । जसमध्ये मोरङ जिल्लामा ग्रिड कनेक्ट सोलार आयोजनावाट ६.८ मेगावाट सोलार विद्युत उत्पादन समीक्षा आर्थिक वर्षमा सुरु भएको छ ।

**तालिका ६.१ : आ.व. २०७९/८० मा कोशी प्रदेश मा सम्पन्न विद्युत आयोजनाहरु**

| आयोजना | जिल्ला | क्षमता(मे.वा.) |
|---|---|---|
| पिवा खोला २ | इलाम | ४.९६ |
| माया खोला | संखुवासभा | १४.९ |
| मिड सोलुखोला | सोलुखुम्बु | ९.५ |
| सोलुखोला | सोलुखुम्बु | ८६ |
| अपरसोलु | सोलुखुम्बु | १८.२३६ |
| ग्रिड कनेक्टेड सौर्य विद्युत आयोजना | मोरङ | ६.८ |
| अपर पिलुवा खोला २ | संखुवासभा | ४.७२ |
| **कुल क्षमता** | | **१४५.१** |

स्रोत : नेपाल विद्युत प्राधिकरण

२०८० असार मसान्तसम्म कोशी प्रदेशमा सञ्चालित जलविद्युत आयोजनामध्ये सोलुखुम्बु जिल्लामा सञ्चालित जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता सबैभन्दा बढी १६१.४ मे.वा. रहेको छ भने ओखलढुङ्गा जिल्लामा सञ्चालित जलविद्युत आयोजनाको क्षमता सबैभन्दा कम ७.० मे. वा. रहेको छ । समीक्षा आर्थिक वर्षमा मोरङ जिल्लामा सोलार प्यानलबाट ६.८ मेगावाट विद्युत उत्पादन भएको छ । २०८० असार मसान्तसम्म यस प्रदेशका जिल्लाहरुमध्ये इलाममा १५ वटा, संखुवासभामा ७ वटा, सोलुखुम्बुमा ५ वटा, पाँचथरमा ४ वटा, ताप्लेजुङ र खोटाङमा ३/३ वटा , भोजपुरमा २ वटा र तेह्रथुम र ओखलढुङ्गामा १/१ वटा जलविद्युत आयोजना रहेका छन् भने मोरङमा एउटा सोलार विद्युत आयोजना रहेको छ ।

**चार्ट ६.१ : जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता)**




स्रोत : नेपाल विद्युत प्राधिकरण

## ६·८ मेगावाटको ग्रीड कनेक्टेड सौर्य विद्युत आयोजना




कोशी प्रदेश अन्तर्गत मोरङ जिल्लाको बुढीगंगा गाउँपालिकास्थित हात्तीमुडामा जि.आई. सोलार प्राइभेट लिमिटेडले ६.८ मेगावाट क्षमताको सौर्य विद्युत आयोजना निर्माण सम्पन्न गरेको छ। कोशी प्रदेशमा निजी क्षेत्रबाट निर्माण गरी केन्द्रीय प्रसारण लाइनमा जोडिएको यो पहिलो सौर्य विद्युत आयोजना हो । वि.सं. २०७९ जेठबाट शुरु भई २०८० बैशाख १ गते निर्माण सम्पन्न भएको आयोजनाको कुल लागत ६५ करोड रुपैँया रहेको छ। ८० प्रतिशत परियोजना कर्जा र २० प्रतिशत स्वपूँजीमा निर्माण भएको आयोजनाको ३ किलोमिटर डबल सर्किट अण्डर ग्राउण्ड प्रसारण लाइन निर्माण सहित प्रति मेगावाट लागत करिब ९ करोड ५६ लाख रुपैँया रहेको छ। उक्त आयोजनाबाट उत्पादित मासिक औसत १० लाख ५० हजार युनिट विद्युत नेपाल विद्युत प्राधिकरणको बाँसबारी मल्टिफ्युलको सबस्टेसनमा जोडिएको छ। नेपाल विद्युत प्राधिकरणसँग ७ रुपैँया ३० पैसामा विद्युत खरिद सम्झौता (पिपिए) गरेको आयोजनाले विद्युत विक्रिबाट मासिक औसत ७६ लाख ६५ हजार रुपैँया आम्दानी गरिरहेको छ । आयोजनाले १० जना दक्ष र ५ जना अर्धदक्ष गरी जम्मा १५ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ। १४ विघा क्षेत्रफल ओगटेको आयोजनाको निर्माण आधुनिक प्रविधिबाट कृषि भूमीलाई असर नगर्ने गरी गरिएको हुँदा आगामी दिनमा प्यानलको मुनी मुल्यवान जडिबुटीको खेती गर्ने योजना रहेको देखिन्छ।

स्रोतः स्थलगत सर्वेक्षण

### कोशी प्रदेशमा अवस्थित अर्थतन्त्रमा प्रभाव पार्ने ठुला आयोजना

### १. अरुण तेस्रो जलविद्युत परियोजना

अरुण तेस्रो जलविद्युत परियोजना अन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजना र अरुण तेस्रो जलविद्युत आयोजना (प्रसारणलाइन निर्माण) गरी दुई वटा आयोजना रहेका छन्। दुवै आयोजनाको कुल अनुमानित लागत रु.१ खर्ब ४५ अर्ब रहेको छ।

**अरुण तेस्रो जलविद्युत आयोजनाको** निर्माण कार्य वि.स. २०७५ वैशाखबाट प्रारम्भ भई वि.स. २०८१ माघसम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस आयोजनाको कुल विद्युत उत्पादन क्षमता ९०० मे.वा. रहेको छ। २०८० असार

मसान्तसम्म यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति क्रमशः ६७.२० प्रतिशत र ६७.४८ प्रतिशत रहेको छ। यस आयोजनामा स्वदेशी १,७९१ र विदेशी १,६८३ गरी कुल ३,४७४ कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन्।

**अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी. प्रसारणलाइन निर्माणको** कार्य वि.स. २०७६ माघबाट प्रारम्भ भई वि.स. २०८१ माघमा सम्पन्न गर्ने लक्ष्य रहेको छ। संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको वि.सं.२०८० असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः १५.८१ प्रतिशत र ४८.७७ प्रतिशत रहेको छ। उक्त आयोजनाबाट स्वदेशी ८९१ र विदेशी ६६ गरी कुल ९५७ जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन्।

**२. सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइन** आयोजनाको निर्माण कार्य वि.स. २०७३ असोज ९ गते बाट प्रारम्भ भएको हो। यस आयोजनाको अनुमानित लागत २ करोड ६० लाख रहेको छ। वि.स. २०७८ चैत्र १९ गते भारत भ्रमणमा रहेका वेला नेपालका प्रधानमन्त्री शेर वहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रुपमा स्वीच थिचेर प्रसारणलाइनको उदघाटन गरेका हुन। नेपाल सरकारको लगानी र भारतीय निर्यात-आयत (एक्जिम) बैंकको सहुलियतपूर्ण ऋणमा यस आयोजना निमार्ण सम्पन्न भएको हो। यो प्रसारण लाइनको ९० कि.मी. लम्बाईमा ३०२ वटा टावरहरुको निमार्ण गरिएको छ। प्रसारण लाइन निर्माणका लागि भारतीय कम्पनी मोहन इनर्जीसगँ २०७२ सालमा ठेक्का सम्झौता भएको थियो। यो प्रसारण लाइन बनेसगैं विद्युत प्राधिकरणले विभिन्न १२ जलविद्युत आयोजनासँग ३२५ मेगावाट विद्युत खरिद बिक्री (पीपीए) सम्झौता गरेको छ।

### ३. कोशी कोरिडोर २२० के. भी. प्रसारण लाइन तथा सवस्टेशन निर्माण

कोशी कोरिडोर २२० के. भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण अन्तर्गत ईनरुवा–बसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना, तुम्लिङटार-बानेश्वर-वसन्तपुर-इनरुवा २२० के.भी. सवस्टेशन , वसन्तपुर - ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन र सव-स्टेशन र वसन्तपुर ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइनको दोस्रो सर्किट र बसन्तपुर सव-स्टेशनमा बे एक्सटेन्सन गरी चार वटा आयोजनाहरु रहेका छन्।

कोशी कोरिडोर अन्तर्गत सन् २०१६ जुनबाट निर्माण कार्य प्रारम्भ भएको १०६ कि.मी लम्बाइ भएको **ईनरुवा–बसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना**को निर्माण कार्य सम्पन्न भै मिति २०७९ साउन १९ बाट सञ्चालनमा आइसकेको छ। यस आयोजनाको कुल लागत ३.७३ करोड अमेरिकी डलर रहेको छ।

कोशी कोरिडोर अन्तर्गत **तुम्लिङटार–बानेश्वर–वसन्तपुर–इनरुवा गरी ४ वटा सव स्टेशनको** निर्माण कार्य सन् २०१८ अक्टोवरबाट प्रारम्भ भएको हो। कुल अनुमानित लागत २ करोड ६० लाख अमेरिकी डलर रहेको छ। यो आयोजना सन् २०२३ नोभेम्बर सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं.२०८० असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९८.० प्रतिशत र ९२.० प्रतिशत रहेको छ। यस आयोजनाबाट स्वदेशी १३०० र विदेशी ११०० गरी कुल २,४०० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन्।

कोशी कोरिडोर अन्तर्गत ३५ कि.मि. लम्बाइ रहेको **वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन र सव-स्टेशनको** निर्माण कार्य सन् २०१८ जुनबाट प्रारम्भ भएको हो। कुल अनुमानित लागत २ करोड १० लाख अमेरिकी डलर रहेको यस आयोजना सन् २०२३ अप्रिल सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं.२०८० असार मसान्तसम्मको

भौतिक तथा वित्तीय प्रगति क्रमशः ९२.० प्रतिशत र ९१.० प्रतिशत रहेको छ । यस आयोजनाबाट स्वदेशी ३०० र विदेशी ७०० गरी कुल १,००० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

कोशी कोरिडोर अन्तर्गत ३५ कि.मि. लम्बाइ रहेको **वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइनको दास्रो सर्किट र बसन्तपुर सव-स्टेशनमा बे एक्सटेन्सन** निर्माण कार्य सन् २०२२ नोभेम्बरबाट प्रारम्भ भएको हो । कुल अनुमानित लागत ६६ करोड ६० लाख रुपैया रहेको छ । यस आयोजना सन् २०२४ फ्रेवुवरी सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं.२०८० असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ३०.० प्रतिशत र ४५.० प्रतिशत रहेको छ । यस आयोजनाबाट स्वदेशी १५० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ४. कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना

यस आयोजनाको निर्माण कार्य आ.व.२०७०/७१ बाट प्रारम्भ भई आ.व. २०८०/८१ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । कुल २३ कि.मी लम्बाइ रहेको यस आयोजनाको अनुमानित कुल लागत रु.१ अर्ब ९२ करोड रहेको छ । यस आयोजनाको वि.सं.२०८० असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४८.९ प्रतिशत र ५१.८३ प्रतिशत रहेको छ । २३ कि.मि. लम्बाइ भएको १३२ के.भी प्रसारण लाईनको कुल ८० टावर मध्ये ७३ वटा टावर फाउण्डेशन निर्माण सम्पन्न भएको छ । आगामी अप्रलि २०२४ सम्ममा निमार्ण सम्पन्न गर्ने योजना रहेको छ । आयोजनामा हाल १६ कर्मचारीहरु कार्यरत रहेका छन ।

### ५. पुष्पलाल मध्यपहाडी लोकमार्ग

कोशी प्रदेश अन्तर्गत पुष्पलाल मध्यपहाडी लोकमार्गको कुल लम्बाइ ५१२ कि. मि.(संशोधित) रहेको छ । दुई खण्डमा विभाजन गरेर निर्माण कार्य भइरहेको छ ।

यस लोकमार्गको **पहिलो खण्ड** पाँचथर, तेह्रथुम, धनकुटा र भोजपुर जिल्लामा पर्दछ । वि.स. २०६९ बैशाखबाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई ३८१.७ किलोमिटर तथा कुल अनुमानित लागत रु.१० अर्ब रहेको छ । आ.ब.२०८४/८५ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको २०८० असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८६.७४ प्रतिशत तथा ८५.५० प्रतिशत रहेको छ । परियोजनाको प्रारम्भिक लम्बाई ३८६ कि.मी. रहेकोमा पुनःसर्वेबाट हाल कुल लम्बाई घट्न गएको देखिन्छ ।

त्यसैगरी, यस लोकमार्गको **दोस्रो खण्ड** खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लामा पर्दछ । आ.व.२०७१/७२ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई १३०.३० किलोमिटर रहेको छ । कुल अनुमानित लागत रु.२ अर्ब १४ करोड रहेको यस खण्डको आ.व.२०७८/७९ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं. २०८० असार मसान्तसम्मको भौतिक प्रगति सडकको ७०.० प्रतिशत र पुलको ५०.० प्रतिशत तथा वित्तीय प्रगति ८०.० प्रतिशत रहेको छ ।

### ६. हुलाकी राजमार्ग:

कोशी प्रदेशको झापा, मोरङ र सुनसरी तथा मधेश प्रदेशको सप्तरी जिल्ला अन्तर्गत रहेको हुलाकी राजमार्गको कुल लम्बाइ ३३५ किलोमिटर रहेको छ। साथै, यस खण्ड अन्तर्गत २५ वटा पुलहरु रहेका छन्। रु.१६ अर्ब अनुमानित लागत रहेको यस खण्डको निर्माण कार्यको प्रारम्भ आ.व. २०६६/६७ बाट भएको हो। आ.व. २०८२/८३ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.सं. २०८० असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७०.० प्रतिशत तथा ६६.० प्रतिशत रहेको छ।

### ७. मदन भण्डारी राजमार्ग (भित्रि तराई लोकमार्ग)

कोशी प्रदेशमा मदन भण्डारी राजमार्गको दुई खण्डमा निर्माण कार्य भइरहेको छ।

यस राजमार्गको **पहिलो खण्ड** सुनसरी, मोरङ, झापा र इलाम जिल्लामा पर्दछ। आ.व. २०७६/७७ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई १३० कि.मि. रहेको छ। कुल अनुमानित लागत रु.८ अर्ब १९ करोड रहेको यस खण्डको आ.व.२०८१/८२ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं. २०८० असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७९.९० प्रतिशत तथा ७२.०२ प्रतिशत रहेको छ। यस खण्डमा स्वदेशी र विदेशी गरी कुल २,२२० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन्।

त्यस्तै, लोकमार्गको **दोस्रो खण्ड** कोशी प्रदेशको उदयपुर र बागमती प्रदेशको सिन्धुली जिल्लामा पर्दछ। कुल लम्बाइ १३५ कि.मि. रहेको लोकमार्गको यस खण्डको अनुमानित लागत रु.१३ अर्ब १२ करोड रहेको छ। आ.व.२०७३/७४ बाट निर्माण कार्य प्रारम्भ भएको यस आयोजना आ.व. २०८१ असार सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं. २०८० असार मसान्त सम्म आयोजनाको भौतिक तथा वित्तीय प्रगति समान ९९.० प्रतिशत रहेको छ।

### ८. उत्तर-दक्षिण (कोशी कोरिडोर) लोकमार्ग

दक्षिणमा भारतको सिमाना जोगवनी देखि बसन्तपुर, खाँदबारी हुँदै नेपालको उत्तरी सिमाना किमाथांका जोडने राष्ट्रिय गौरवको यस लोकमार्गको कुल लम्वाई ३९० कि.मि रहेको छ।
यस लोकमार्ग अन्तर्गतको **रानी-विराटनगर-इटहरी-धरान सडक आयोजना** निर्माण कार्यको प्रारम्भ आ.व.२०६९/७० बाट भएको हो। कुल लम्बाइ ४९ कि.मि रहने यस ६ लेन सडक आयोजनाको कुल अनुमानित लागत रु.१० अर्ब ९८ करोड रहेको छ। आ.व. २०८०/८१ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा यस आयोजनाको वि.सं.२०८० असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९०.० प्रतिशत र ८९.५ प्रतिशत रहेको छ।
विभिन्न खण्डहरुमा निर्माण भइरहेको यस सडक योजनाको कार्यक्षेत्र भित्र **संखुवासभा जिल्लाको खाँदबारी देखि उत्तरी सीमा किमाथांका**सम्मको कुल १६२ कि.मि सडक पर्दछ। आ.व.२०६५/६६ बाट निर्माण कार्य प्रारम्भ भएको यस आयोजनाको कुल अनुमानित लागत रु.११ अर्ब ९३ करोड रहेको छ। आ.व. २०८३/८४ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.सं. २०७९ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४२.० प्रतिशत र ४२ प्रतिशत रहेको छ।

**९. प्रदेश गौरवको आयोजना : विराटचोक-घिनाघाट सडक आयोजना**

कोशी प्रदेशको प्रदेश गौरवको आयोजनाको रुपमा रहेको यस आयोजनाको निर्माण कार्य आ.व २०७५/७६ बाट प्रारम्भ भएको हो । कुल लम्बाइ २२ कि.मि. रहने यस ४ लेन सडक आयोजनाको कुल अनुमानित लागत रु.२ अर्ब ५ करोड रहेको छ। आ.व. २०७९/८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.स.२०८० असार मसान्तसम्मको भौतिक र वित्तीय प्रगति क्रमशः ८७.५ प्रतिशत र ७६.८ प्रतिशत रहेको छ ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

**सम्भावना**

- यस प्रदेशमा निर्माणाधीन रहेका हुलाकी राजमार्ग (३३५कि.मि.), पुष्पलाल मध्य पहाडी लोकमार्ग (५१६.३० कि.मि), मदन भण्डारी राजमार्ग (१३९० कि.मि.) कोशी राजमार्ग (३९० कि.मि.) विराटचोक-घिनाहाघाट सडक आयोजनाको सम्पन्नता पश्चात यस प्रदेशका विभिन्न जिल्लासँग अन्य प्रदेशका जिल्लाहरु जोडिनुका साथै अन्तर प्रदेशको आवद्धता बढी यस प्रदेशको आर्थिक गतिविधि चलायमान हुने ।

- अरुण तेस्रो जलविधुत आयोजना, माथिल्लो तामाकोशी जलविधुत आयोजना, सोलु करिडोर प्रशारण लाइन, कोशी करिडोर प्रशारण लाइन, कुशाहा विराटनगर करिडोर प्रशारण लाइनको सम्पन्ता तथा विस्तारले यस क्षेत्रमा विधुतको आपुर्ति बढन गई यस प्रदेशमा सञ्चालनमा रहेका उद्योग व्यवसायलाई आवश्यक विद्युतको पूर्तिले उद्योगको क्षमता पुर्ण उपयोग हुनसक्ने तथा औद्योगिक वातावरण सिर्जना हुने ।

- यस प्रदेशमा सञ्चालनमा रहेका तारे होटलहरु सोल्टी वेस्टन, विग होटल, किङस वेरी, होटल नेपालीरिका लगायतले पर्यटकहरुलाई राम्रो गुणस्तरीय सेवा सुविधा उपलब्ध गराई पर्यटकको बसाई अवधि लम्ब्याएर बैदेशिक मुद्रा आर्जनमा सहयोग गर्ने ।

- विराटनगर विमान स्थलको स्तरोन्ती, गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशालाको निर्माणले यस क्षेत्रको आर्थिक गतिविधि थप चलायमान हुने ।

**चुनौती**

- यस प्रदेशमा तीव्र गतिमा निर्माण कार्य भईरहेका सडक सञ्जाल आयोजनाहरुको कार्य गुणस्तरीयता कायम गरी समयमै कार्य सम्पन्न गर्दै जनतामा पूर्वाधारहरु प्रति अपनत्व भाव सिर्जना हुने वातावरण तयार गर्नु ।

- राष्ट्रिय गौरव, प्रदेश गौरव लगायत कतिपय ठुला परियोजनाहरुको मुआव्जा वितरणलाई वैज्ञाानिक र यर्थाथमुखी बनाउदै निमार्णधीन परियोजनाहरुमा स्थानिय जनसहभागिता सुनिश्चित गर्नु ।

- परियोजना छनौट गर्दा स्थानिय आवश्यकता, पुंजी, प्रविधि र श्रमलाई उच्च प्रथामिकता दिदै स्थानिय स्तरमा रोजगारी सिर्जना हुने वातावरण निर्माण गर्नु ।

- कोशी प्रदेश सरकारको अस्थिरताका कारण सरकारका नीति तथा प्राथमिकताहरु परिवर्तन भईरहने हुँदा परियोजनाहरु समयमा नै सम्पन्न गर्नु ।

- यस प्रदेशमा निर्माणाधीन प्रसारण लाइनहरु समयमै सम्पन्न भएमा खेर गई रहेको विद्युतको उत्पादन राष्ट्रिय प्रसारण लाइनमा जोडिन गई विद्युत आपूर्ति सहज हुन सक्ने ।

## ६.३ रोजगारी

### वैदेशिक रोजगारी

कोशी प्रदेशमा आर्थिक वर्ष २०७९/८० मा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या २८.३ प्रतिशतले वृद्धि भएको छ । देशमा पर्याप्त रोजगारीका अवसर सृजना हुन नसक्नु, स्वरोजगार र उद्यमशिलतामा आकर्षण वृद्धि हुन नसक्नु, कोभिडको समयमा घर फर्किएका व्यक्तिहरु पुनः रोजगारीको लागि विदेश जाने क्रममा भएको वृद्धि जस्ता कारणले वैदेशिक रोजगारीमा जानेको संख्या वृद्धि भएको देखिन्छ । समीक्षा अवधिमा यस प्रदेशका पुरुष १ लाख ४६ हजार २ सय ६६ र महिला २२ हजार ४२ गरि कुल १ लाख ६८ हजार ३ सय ८ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएका छन् । गत वर्षको सोही अवधिमा यस प्रदेशका पुरुष ६१ हजार ८ सय ३३ र महिला ६९ हजार ३ सय ६९ गरि कुल १ लाख ३१ हजार २ सय २ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएका थिए ।

**तालिका : ६.२ कोशी प्रदेश वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको जिल्लागत विवरण**

| जिल्ला | आ.व.२०७८/७९ | | | आ.व. २०७९/८० | | | वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| ताप्लेजुङ | १६६७ | १७२६ | ३३९३ | ४२९१ | ४९२ | ४,७८३.० | ४१.० |
| संखुवासभा | २०२७ | २१७९ | ४२०६ | ५७०६ | ६५० | ६,३५६.० | ५१.१ |
| सोलुखुम्बु | १५२२ | १३७८ | २९०० | ३१९९ | १०९९ | ४,२९८.० | ४८.२ |
| ओखलढुङ्गा | २११४ | १८९३ | ४००७ | ४७८९ | ६२० | ५,४०९.० | ३५.० |
| खोटाङ | ३८९५ | ३९७५ | ७८७० | ८९७५ | ८३१ | ९,८०६.० | २४.६ |
| भोजपुर | २९४१ | २९६४ | ५९०५ | ८१६८ | ९०१ | ९,०६९.० | ५३.६ |
